**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- चर्को गर्मीमा रिङ्टा लाग्ने ।
- कीरा फटयाङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- 'लू'को बेला वृद्धवृद्धा नागरिक घरभित्रै बसौं । बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ २६ गते शनिवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 June 08 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७६

# पोखरिया अस्पतालका चिकित्सक डा गिरी नौ महीनामा १८ दिन मात्र हाजिर

धर्मेन्द्र चौरसिया, पोखरिया, २५ जेठ/

पोखरिया अस्पतालमा कार्यरत एकजना चिकित्सकले हाजिरी नगरेर तलब सुविधा लिइरहेको पाइएको छ ।

डा पाताल गिरी २०८० भदौ २९ मा पोखरिया अस्पतालमा हाजिर भएका थिए । त्यसपछि उनलाई अस्पतालको कसैले पनि देखेका छैनन् । तर अस्पतालको हाजिरी किताबमा डा गिरीको भने कात्तिकमा १०, मङ्सिरमा तीन, पुसमा एक, माघमा दुई र फागुनमा दुई गरी १८ दिनको हाजिरी छ ।



तस्वीरः फाइल

बाँकी हाजिरीमा घर र बिरामी बिदा लेखिएको छ । यही आधारमा उनले गत पुससम्मको तलब सुविधा पनि लिएको देखिन्छ । अहिले माघदेखि उनको तलब रोकिएको छ । प्रशासन शाखाका लक्ष्मी चौहानले डा गिरीलाई आफूले अहिलेसम्म नदेखेको बताए । उनले डा गिरीको हाजिरी फागुनपछि नदेखिएको र उनलाई अस्पतालमा पनि आफूले कहिल्यै नभेटेको बताए । डा गिरी भदौमा हाजिरी हुँदा निमित्त मेडिकल सुपरिटेन्डेन्टमा डा सञ्जु दास थिए । नियमतः घर र बिरामी बिदा पाउने अधिकार भएकोले सोही अधिकार अनुसार आफूले सुविधा लिएको डा गिरीले दाबी गरे ।

भर्खरै जेठको दोस्रो सातादेखि मेसु भएका डा अनिल यादवले आफूलाई यस विषयमा थाहा नभएको बताए । उनले आफू आएपछि पनि डा गिरीलाई नदेखेको बताए । भरपर्दो स्रोतका अनुसार डा गिरी भदौमा हाजिर भएका र त्यसपछि उनी बुटवलमा निजी क्लिनिक सञ्चालन गरेर बसेका छन् । उनको बहाली पोखरिया अस्पतालमा छ र यस अवधिमा पाँच महीनाको तलब उनले बुझिसकेका छन् भने अहिले माघदेखि वैशाखसम्म चार महीनाको तलब रोक्का छ । डा गिरीले आफू नियमसङ्गतरूपले बिदामा बसेको दाबी गरेका छन् । उनले आफ्नो तीन वर्षको बिरामी र घर बिदा सञ्चित रहे अनुसार बिदामा बसेर तलब बुझेको र अहिले आफू सरुवा गराउन लागिपरेको बताए ।

# जनमतका सतीश सिंह मधेस प्रदेशको मुख्यमन्त्री नियुक्त

प्रस, वीरगंज, २५ जेठ/

मधेस प्रदेशको तेस्रो मुख्यमन्त्रीमा जनमत पार्टीका सतीशकुमार सिंह नियुक्त भएका छन् ।



तस्वीरः रासस

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को उपधारा २ अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलका बहुमत सदस्यको समर्थन दाबी परेपछि सिंहलाई मुख्यमन्त्री नियुक्त गरेकी हुन् ।

उनलाई सङ्घीय सत्तागठबन्धनमा रहेका दल नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टी र नेपाल सङ्घीय समाजवादी पार्टीका बहुमत प्रदेशसभा सदस्यले समर्थन गरेका छन् ।

नवनियुक्त मुख्यमन्त्री सिंह सप्तरी निर्वाचन क्षेत्र नं २ (क)बाट निर्वाचित भएका हुन् । यस अघि उनी २०७४ को स्थानीय तह निर्वाचनमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए । त्यसपछि २०७९ मा भएको स्थानीय तह निर्वाचनमा सोही गाउँपालिकाको अध्यक्षमा पराजित भएपछि सोही वर्षको आमनिर्वाचनमा जनमतबाट उम्मेदवार भई प्रदेशसभा सदस्य निर्वाचित भएका हुन् ।

**मुख्यमन्त्री सिंहद्वारा शपथ**

मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सतीशकुमार सिंहले पद तथा गोपनीयताको शपथग्रहण लिएका छन् ।

शुक्रवार दिउँसो प्रदेश प्रमुख भण्डारीसमक्ष उनले शपथग्रहण गरेका हुन् । यसैबीच, मुख्यमन्त्री सिंहले सत्तागठबन्धनका अन्य दलहरूसहित १४ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका छन् । उनीहरू सबैले आजै शपथग्रहण गरेका छन् ।

मन्त्रिपरिषद्मा नेकपा (माओवादी केन्द्र)का तर्फबाट अर्थमन्त्रीमा प्रदेश संसदीय दलका नेता भरतप्रसाद साह, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्रीमा युवराज भट्टराई नियुक्त भएर शपथ लिएका छन् ।

त्यस्तै, नेकपा (एमाले)बाट संसदीय दलका नेता सरोजकुमार यादव भौतिक पूर्वाधार विकास मन्त्री, राजकुमार लेखी शिक्षा तथा संस्कृति, शत्रुधनप्रसाद सिंह स्वास्थ्य तथा जनसङ्ख्या तथा केशव राय स्वास्थ्य राज्यमन्त्री र शारदादेवी थापा शिक्षा तथा संस्कृति राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

नेकपा (एकीकृत समाजवादी)का तर्फबाट संसदीय दलका नेता गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री, बेची लुङ्गेली ऊर्जा, सिंचाइ र खानेपानीमन्त्री, नेपाल सङ्घीय समाजवादी पार्टीका तर्फबाट विमला अन्सारी गृह, सञ्चार तथा कानूनमन्त्री र नागरिक उन्मुक्ति पार्टीकी उर्मिलादेवी सिंहलाई श्रम तथा यातायातमन्त्रीको जिम्मेवारी दिइएको छ ।

यसअघि जनता समाजवादी पार्टी नेपालका तर्फबाट मुख्यमन्त्री रहेका सरोजकुमार यादवले जेठ २३ गते बुधवार विश्वासको मत पाउन नसकेपछि उनी नेतृत्वको सरकार ढलेको थियो र आज बिहान १० बजेभित्र बहुमत सदस्यसहित मुख्यमन्त्रीका लागि दाबी पेश गर्न समय प्रदान गरिएको थियो । २०७४ सालदेखि मधेस प्रदेश सरकारमा जसपा नेपालबाट पहिलो कार्यकाल लालबाबूराउत गद्दीले पाँच वर्ष र हालका मुख्यमन्त्री यादवले डेढ वर्ष कार्यकाल निर्वाह गरेका थिए । यस अघि सङ्घीय सरकार परिवर्तनपछि अन्य प्रदेशका मुख्यमन्त्रीहरू फेरिँदै आए पनि मधेस प्रदेशको मुख्यमन्त्रीमा जसपा नेपालको एकाधिकार रहँदै आएको थियो ।

# सखुवाप्रसौनीमा सार्वजनिक सवारीसाधनको दुरुपयोग

बलिराम शुक्ला, बिरूवागुठी, २५ जेठ/

सखुवाप्रसौनी गाउँपालिका कार्यालयको सरकारी नम्बर प्लेटका सवारीसाधनहरूको दुरूपयोग बढेको छ ।

गापा अध्यक्ष यशवन्तप्रसाद यादवका आसेपासेहरूले पालिकाको सरकारी नम्बर प्लेटका सवारीसाधनमा रजाइँ गर्न थालेपछि सो पालिकाका युवाहरू जाइ लागेका छन् ।



तस्वीरः प्रतीक

शुक्रवार मध्याह्न सखुवाप्रसौनी गाउँपालिकाको नाममा रहेको ना.१ब ३१४८ नम्बरको पल्सर मोटरसाइकल सखुवाप्रसौनी गापाका युवाहरूले पर्सागढी नगरपालिका-३ बडनिहार बजारमा नियन्त्रणमा लिई प्रहरी चौकी बडनिहारमा बुझाएका थिए ।

सखुवाप्रसौनी गापा-६ बस्ने नागेन्द्रप्रसाद यादवले सो सरकारी मोटरसाइकल लिएर जीतपुर जाने क्रममा अशोक साहलगायत युवाहरूले नियन्त्रणमा लिएर प्रहरी चौकी बडनिहारमा बुझाएका थिए ।

युवाहरूका अनुसार सरकारी नम्बरको सवारीसाधनको दुरूपयोग गरेको भन्दै चालक यादवसहित मोटरसाइकल नियन्त्रणमा लिई प्रहरी चौकी बडनिहारमा बुझाइएको बताए । प्रहरी चौकी बडनिहारका इन्चार्ज हरेराम कुर्मीले चालक र मोटरसाइकल केही युवाहरूले नियन्त्रणमा लिई चौकीमा बुझाएपछि आफूले चालकलाई आवश्यक कागजात ल्याउने शर्तमा छाडेको बताए । मोटरसाइकल प्रहरी चौकी बडनिहारमा छ ।

# चिडियाखाना निर्माणबारे महानगरमा छलफल


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २५ जेठ/

वीरगंज महानगरपालिका-३१ मा बन्न लागेको प्राकृतिक चिडियाखानाको छेकबार गर्ने कार्य अघि बढेको छ ।

शुक्रवार वीरगंज महानगरका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा बसेको बैठकमा चिडियाखानाको सीमाभित्र पर्ने अतिक्रमण हटाउने विषयमा छलफल भएको थियो ।

छलफलमा ५० हेक्टर क्षेत्रफल ओगट्ने चिडियाखानाको सीमाङ्कन तथा छेकबार गर्ने काम ६० प्रतिशत भएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बताए । उनले केही स्थानीयले जग्गा कब्जा गरेकाले सो अतिक्रमण हटाएर बाँकी छेकबारको काम सम्पन्न गर्ने बताए ।

बैठकले चिडियाखानाको क्षेत्रफलमा भएको अतिक्रमण हटाउन सार्वजनिक सूचनामार्फत आह्वान गर्ने र अटेर गरे नियम अनुसार खाली गराउने निर्णय गरेको छ । यस्तै, बैठकले सीमाङ्कनका लागि सार्वजनिक र निजी आबादी जग्गा छुट्याउन नापी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरेको महानगरले जनाएको छ ।

नगरप्रमुख सिंहको नेतृत्वमा सरोकारवालाहरूको टोलीले चिडियाखानाको छेकबारको काम अनुगमन गर्ने र सुझाव अनुसार बाँकी प्रक्रिया अघि बढाउने बैठकले निर्णय गरेको छ ।

नगरप्रमुख सिंहले चिडियाखाना निर्माण कार्यमा कुनै पनि बहानामा ढिलाइ गर्न नहुने बताए । उनले चिडियाखानाको क्षेत्रफलभित्र भएको अतिक्रमण सबैको समन्वयमा हटाउन महानगर तत्पर रहेको बताए ।

बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी सानुबाबू अधिकारीले चिडियाखाना निर्माणको काम महत्त्वपूर्ण रहेकोले कतैबाट पनि अवरोध नआउने गरी सबैसँग समन्वय गरेर काम अघि बढाउनुपर्ने सुझाव दिए ।

बैठकमा नेपाली सेनाका प्रमुख सेनानी डायमण्ड कार्की, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, प्रहरी नायब उपरीक्षक केशरकुमार न्यौपाने, डिभिजन वन कार्यालय पर्साका प्रमुख सुनीलकुमार कर्ण, नापी कार्यालय पर्साका प्रमुख नापी अधिकृत राकेशकुमार झा, सबैया साझेदारी वन व्यवस्थापन समूहका अध्यक्ष लखनलाल साह, वडाध्यक्षद्वय जीतेन्द्र यादव, रियाज अहमदलगायतको सहभागिता थियो ।

# वनशक्ति आवि प्राथमिक तहमा रूपान्तरण

चिरञ्जीवी सापकोटा, ठोरी, २५ जेठ/

ठोरी गाउँपालिका-२ स्थित वनशक्ति आधारभूत विद्यालयलाई कक्षा स्थगन गरी प्राथमिक तहमा रूपान्तरण गरिएको छ । शुक्रवार विद्यालयमा भएको विव्यस, जनप्रतिनिधि तथा अभिभावकहरूको भेलाले आधारभूत तह (कक्षा ६-८)सम्म अध्ययन हुँदै आएको विद्यालय प्राथमिक तह (कक्षा १-५)मा रूपान्तरण गरिएको हो । शिक्षकको अभाव र विद्यार्थी सङ्ख्या न्यून रहेका कारण ६ देखि ८ सम्मका कक्षा स्थगन गर्नुपर्ने अवस्था आएको हो ।


तस्वीरः प्रतीक

विव्यसका अध्यक्ष सानुबाबू लामाको अध्यक्षता तथा ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठ, वडाध्यक्ष अमृतकृष्ण सापकोटा, शिक्षा प्रमुख भुपाल जोशीको उपस्थितिमा भएको अभिभावकसहितको भेलाले उक्त निर्णय गरेको हो ।

२०६७ सालदेखि निमावि तहको कक्षा सञ्चालन भए तापनि आज १५ वर्ष पुग्दासमेत राज्यबाट निमावि तहको दरबन्दी आउन नसक्दा तथा उक्त तहमा विद्यार्थी सङ्ख्या अति कम भएकाले पनि कक्षा स्थगन गर्नुपरेको अभिभावकहरूको भनाइ छ । आजको विव्यस र अभिभावकहरूको निर्णयलाई गापा अध्यक्ष र वडाध्यक्षले सहमति जनाएका छन् । बैठकमा आगामी दिनमा विद्यार्थीको सङ्ख्यामा वृद्धि भएमा विद्यालयलाई पुनः निमावि तह बनाइनेसमेत निर्णय भएको छ । निर्णयसँगै सो विद्यालयको कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूलाई सरस्वती मावि गौतमनगरमा स्थानान्तरण गरिएको वनशक्ति आधारभूत विद्यालयले जनाएको छ ।

**विचारसार र सूक्तिहरू**

**मीठो बोली र राम्रो व्यवहारले नै मानिस प्रतिष्ठित हुन्छ । पैसाले मात्र मानिस धनी हुँदैन; असल धनी त्यो हो, जोसँग राम्रो सोच, मधुर व्यवहार र सुन्दर सोच हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# वृक्षको संरक्षण पनि गरौं

**विश्व वातावरण दिवसमा यही जेठ २३ गते बुधवार देशभरि वृक्षारोपण गरियो । 'हरियो वन नेपालको धन' लोकोक्ति पछिल्लो समयमा 'नेपालको वन तस्करको धन' चरितार्थ भएको छ । वनजङ्गल मासेर बस्ती बसाउने क्रम अहिलेसम्म रोकिएको छैन भने विकासको नाममा वनविनाश गर्ने क्रम पनि बढ्दो छ । दुई दशकअघि नेपालमा घरायसी प्रयोजनमा खाना पकाउन, आगो ताप्न दाउराको प्रयोग बढी हुन्थ्यो । अहिले यसको विकल्पमा खाना पकाउने ग्याँस, विद्युतीय चुलोको प्रयोग बढी रहेको छ । यद्यपि ग्याँसको तुलनामा विद्युतीय चुलोको प्रयोग बढ्न सकेको छैन । मधेस आन्दोलनको क्रममा खाना पकाउने एलपी ग्याँसको अभाव भएको र धेरैजसोको पहुँच दाउराबाट टाढिएकोले विद्युतीय चुलोको प्रयोग बढेको थियो । तर सबै नेपालीले विद्युतीय चुलो प्रयोग गर्न सोअनुरूपको विद्युत् उत्पादन देशमा हुन सकेको छैन । गर्मीयाममा नदीमा पानीको स्तर बढेसँगै विद्युत्को उत्पादन बढ्ने र जाडोयाममा पानीको स्तर घटेर विद्युत् उत्पादन घट्ने हुँदा अहिले पनि हामीले भारतबाट बिजुली आयात गर्नुपर्ने अवस्था छ । साना/ठूला जलविद्युत् गृहको उत्पादनको क्षमता बढाएर भारत, बङ्गलादेशमा बिजुली बिक्री गर्नेगरी तयारी बर्सेनि हुन्छ । तर नियमितरूपमा विद्युत् उत्पादन क्षमता नबढ्दा देशमा उत्पादित विद्युत् बढी भएर निर्यात कार्यले निरन्तरता पाउन सकेको छैन ।**

**विद्युत् उत्पादनसँगै स्वदेशमा यसको प्रयोग बढेको खण्डमा हामी खाना पकाउन, जाडोमा हिटर ताप्न, अनि पानी तताउन ग्याँस र पेट्रोलियम पदार्थमा आश्रित हुनुपर्ने थिएन । हामीले गर्न सक्ने यो काम पनि चाखलाग्दो तरीकाबाट नगर्दा पेट्रोलियम पदार्थमा बढी निर्भर बन्दै गएका छौं र यसबाट ठूलो रकम बाहिरिने क्रम जारी छ । पेट्रोलियम पदार्थको बढी खपत सवारीसाधनमा हुन्छ । हाम्रो देशमा हैसियतवालासँगै उनीहरूको देखासिकी घर खर्च धान्न नसक्नेहरूले पनि सवारीसाधनहरूको प्रयोग बढाउँदा समस्या घट्नुको साटो बढिरहेको हो । यसलाई नियन्त्रणका लागि सरकारले मापदण्ड बनाएर लागू गर्न सकिरहेको छैन । जसरी वैदेशिक रोजगारमा युवाहरू गइरहेका छन् र उनीहरूले पठाएको विप्रेषणले देश चलिरहेको छ, त्यसैगरी विदेशी सवारीसाधनको आयात बढाएर सरकारले बढी मात्रामा कर उठाउँदै आएको छ । गत वर्षसम्म सरकारले वैदेशिक मुद्राको अभाव टार्न विलासिताका सामानहरूको आयातमा रोक लगाएको थियो । त्यसपछि देशको आर्थिक अवस्था केही लयमा आउनासाथ अहिले विलासिताका वस्तुहरूको आयात क्रमशः खुला गर्दै गएको देखिन्छ ।**

**अब कुरा गरौं, विश्व वातावरण दिवस र वृक्षारोपणको । अहिलेसम्म हामीले औपचारिकता पूरा गर्न यो दिवस मनाउने र दिवसका अवसरमा वृक्षारोपण गर्दै आएका छौं । विभिन्न उत्सवहरूमा वृक्षारोपण गर्ने कार्य फेशन नै भएको छ । तीन/चार दशकदेखि यो फेशन जारी छ । विभिन्न कार्यक्रमहरूमा वृक्षारोपण गरिन्छ । वृक्षारोपण गर्नु राम्रो हो तर देखावटीको लागि होइन । वीरगंजमा गिनेचुनेका संस्थाबाहेक अधिकांशले नाम र चर्चाको लागि वृक्षारोपण गर्ने गरेका छन् । जसरी वृक्षारोपण गरिन्छ, त्यसैगरी हेरचाह पनि हुनुपर्छ । यस्तो जिम्मेवारीपूर्ण कार्यमा हामीचुक्दै आएका छौं, त्यसैले जति नै वृक्षारोपण गरे पनि हरियाली क्षेत्र बढ्न सकेको छैन । जसरी वृक्षारोपण गरिन्छ, त्यसरी नै जिम्मेवारीपूर्वक [redacted]तावरण हरियाली हुने थियो ।**

# आफैं झाँक्री, आफैं बोक्सी बनेका छन् मानिस

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**भने वातावरणीय प्रदूषणले मानव स्वास्थ्य मात्र होइनस सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रलाई पनि असर पार्छ । त्यसैले वातावरणलाई स्वच्छ राख्न दिगो विकासको अवधारणा, वातावरणीय प्रभाव मूल्याङ्कन, सार्वजनिक न्यायलगायत विषयमा ध्यान दिन आवश्यक छ ।**

यसै हप्ता विश्व वातावरण दिवस २०८१ नेपालभरि स्कूल, कलेज तथा विभिन्न सङ्घसंस्थामा रूख–बिरुवा रोपेर मनाइयो । वातावरण भन्नाले प्राकतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापसमेतको अवस्था बुझिन्छ । त्यसैगरी प्रदूषण भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत–चुम्बकीय वा रेडियोधर्मी विकिरणका कारण प्रत्यक्ष वा अप्रत्यक्ष परिवर्तन ल्याई वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्यहरू बुझ्नुपर्छ ।

अहिले संसारभरि आठ अर्ब मानिस छन् । करीब अठासी लाख प्राणीमध्ये मानिसलाई सर्वश्रेष्ठ पनि भनिन्छ । त्यसैले उसले निरन्तर आफ्नो जीवनलाई सहज र सरल बनाउन चाहन्छ । यस क्रममा मानिसले धेरै नयाँ आविष्कार पनि गरेको छ तर आफ्नो जीवनलाई अझ सुखमय बनाउन प्रकृति र यसको संरक्षणतर्फ खासै गम्भीर देखिंदैन । आफ्नो स्वार्थका लागि प्राकृतिक वातावरणलाई निरन्तर नाश गर्दैछ । त्यसैले आज पहिलेको तुलनामा गर्मी, जाडो, वर्षा, अकाल, आगलागीजस्ता घटना बढेका छन् । यसरी आज प्रकृति प्रतिकूल हुनुको प्रमुख कारण हामी नै हौं र यसले गर्दा मानवको साथै पृथ्वीमा बसोवास गर्ने सम्पूर्ण प्राणीको जीवनमा समस्या देखिएको छ ।

आजको मानिस आधुनिक र विकसित मानिस हो । मानिसहरू उपलब्ध सुविधाबाट खुशी त छन्, सन्तुष्ट भने छैनन् । यसको मुख्य कारण प्रतिकूल हुँदै गएको प्राकृतिक प्रणाली हो । कलकारखानाबाट निस्कने फोहोर र दुर्गन्ध, मोटरगाडीले फाल्ने धूवाँ र वन फडानीजस्ता कामले हावा र माटो दुवै दूषित हुँदै गएका छन् । यसले मानिसको जीवनमा ठूलो असर पारिरहेको छ । वातावरण सफा र स्वच्छ भए मानिसको सोचमा सकारात्मकता आउँछ । शुद्ध प्राकृतिक वातावरणमा मानिसलगायत अरू प्राणी पनि स्वस्थ रहन सक्छन् आजको मानिस प्रतिकूल वातावरणका कारण विभिन्न खालका रोगले गिजोलिएको छ । मज्जको कुरा के हो भने यी सबै समस्याको मुख्य कारण मानिस आफैं हो ।

वास्तवमा वातावरण भनेको प्राकृतिक सम्पदा हो । तर बढ्दो वातावरण विनाशले गर्दा केही वनस्पति तथा जीवजन्तु लोप हुँदैछन् भने केही लोपोन्मुख अवस्थामा छन् । विकासको नाममा सिर्जित शहरीकरण, फोहोरमैला, आणविक भट्टीबाट निस्कने विषालु ग्याँस, तीव्र जनसङ्ख्या वृद्धि, प्राकृतिक सम्पदाको तीव्र दोहनले वातावरणीय विनाश तीव्रतर भएको छ । वातावरणीय विनाशले मरुभूमीकरण, ओजन तहको नाश, बाढी–पहिरो र हरितगृह प्रभाव बढ्ने क्रममा छ । मानवीय क्रियाकलापले हुने वातावरणीय विनाशलाई वायु, जल, भू र खाद्य विनाशको रूपमा विभाजन गर्न सकिन्छ ।

यतिबेला नेपालमा जल, वायु, भूमि प्रदूषणका साथै दृश्य प्रदूषण पनि बढेको छ । यहाँ अग्ला भवन निर्माण र ती भवनहरूमाथि राखिएका होर्डिङ बोर्डहरूले दुर्घटनाहरू निम्त्याइरहेका छन् भने मनोहर दृश्यहरू छेकिएका छन् । भवन आचारसंहितालाई कडाइका साथ लागू गर्न नसक्दा यहाँको भौतिक सम्पदा मासिने र ठूला भवनहरूले पुरातात्त्विक महत्त्वका मठ–मन्दिरहरू छेकिएका छन् । यी कुराहरूलाई बेवास्ता गरेमा कुनै पनि बेला विश्व सम्पदा सूचीमा रहेका पशुपतिनाथ, स्वयम्भू, चाँगुनारायण, काठमाडौं, ललितपुर र भक्तपुर दरबार स्क्वायरजस्ता क्षेत्र उक्त सूचीमा नरहन सक्छन् ।

नेपालको संविधान ०७२ को धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको मौलिक हक प्रत्याभूत गर्नुको साथै पीडित पक्षलाई वातावरणीय प्रदूषण वा ह्रास वा कानूनबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ । तर वर्तमान समयमा यहाँको वातावरण प्रदूषणले मानव स्वास्थ्य मात्र होइन, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा समेत गम्भीर असर परेको छ । यहाँको वातावरण स्वच्छ राख्न दिगो विकासको अवधारणा, वातावरणीय प्रभाव मूल्याङ्कन, पूर्व सावधानी, सार्वजनिक न्यायलगायत विषयमा ध्यान दिन आवश्यक छ । योबाहेक सरकारले वातावरण संरक्षणका लागि विद्यालयस्तरमा पाठ्यपुस्तक, सञ्चार माध्यमहरूमा चेतनामूलक सामग्रीहरू प्रचारप्रसार गर्न पनि उत्तिकै जरूरी छ ।

सिमसार क्षेत्रमा विभिन्न किसिमका वनस्पति हुन्छन् । यहाँ धेरैथरीका जीवजन्तु बसोवास गर्ने हुनाले उक्त क्षेत्रको संरक्षण गरेमा वनस्पति तथा जीवजन्तुहरूको सुरक्षा हुन्छ । फलतः वातावरण संरक्षणमा पनि सकारात्मक प्रभाव पर्छ । तर धेरैजसो देशमा सिमसार क्षेत्रको अस्तित्व नै सङ्कटमा परेको छ । भू–माफियाहरूको चलखेलको कारण उक्त क्षेत्र तीव्ररूपले अतिक्रमित हुँदैछ भने अव्यवस्थितरूपमा बढिरहेको आवास क्षेत्रको कारण केही सिमसारको अस्तित्व लोप हुने अवस्था छ ।

सबैले बुझेकै कुरो हो अधिकांश जीवजन्तुले वनजङ्गल, घाँसे मैदान, जलक्षेत्र वरपर बच्चा कोरल्ने, वासस्थान बनाउने र विचरण गर्ने हुनाले सिमसार क्षेत्रले जैविक विविधताको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्छ । तर वनजङ्गलको बढ्दो अतिक्रमण, चुरे क्षेत्रको अत्यधिक दोहन, भू–माफियाहरूद्वारा जग्गा अतिक्रमण र अव्यवस्थित फोहोरमैला विसर्जनका कारण नेपालका सिमसार क्षेत्र घट्दो क्रममा छ । एक आधिकारिक तथ्याङ्क अनुसार नेपालमा ६०,५६१ हेक्टर जग्गा सिमसार क्षेत्रले ओगटेको छ । त्यसैले उक्त क्षेत्र संरक्षण गर्न सके वातावरण संरक्षणमा ठूलो योगदान पुग्नेछ ।

वातावरण रहे मात्र हामी बाँच्न सक्छौं भन्ने कुराको बेवास्ता गरेर दिनानुदिन शहरीकरण, आणविक हातहतियार तथा विषालु रसायनको प्रयोगले गर्दा मानव जातिको मात्र नभई पृथ्वीमा रहेका जीवजन्तु तथा वनस्पतिको समेत नाश हुन सक्ने गम्भीर परिवेश हाम्रो अगाडि विद्यमान छ ।

वातावरणीय संरक्षणका लागि सन् १९८३ मा संयुक्त राष्ट्रसङ्घीय विकास तथा वातावरणसम्बन्धी आयोग गठन भएको थियो । उक्त प्रतिवेदन कार्यान्वयन गर्न सन् १९९२ मा संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम अन्तर्गत, ब्रजीलको रियो दि जेनेरियोमा सम्पन्न वातावरण सम्मेलनले हरित गृहको शुभारम्भ र एक मात्र पृथ्वीको स्याहार र उपयोग गरौं भन्ने नारा पारित भएको थियो । उक्त सम्मेलनमा मौसम परिवर्तन तथा वनजङ्गल संरक्षण नीति पनि बनाइएको थियो । तर व्यवहारमा लागू हुन नसक्दा वातावरण संरक्षणमा खास प्रगति भएको देखिंदैन ।

वातावरण प्रदूषण हुन नदिन बढ्दो जनसङ्ख्या कम गर्नुपर्ने, जैविक विविधताको संरक्षण गर्नुपर्ने, प्राकृतिक स्रोतसाधनहरूको समुचित प्रयोग, उद्योगीकरण तथा शहरीकरण गर्दा वातावरणीय प्रभावलाई ध्यान दिनुपर्ने, क्लोरोफ्लोरो कार्बन र मिथेनजस्ता विषालु ग्याँस उत्पादनमा रोक लगाउनुपर्ने, कीटनाशक औषधि र रसायनको प्रयोग कम गर्दै जानुपर्ने र यातायातका साधनहरूको प्रदूषण कम गर्दै जानुपर्ने देखिन्छ । यति मात्र होइन, वातावरणीय शिक्षाको व्यापक प्रचार–प्रसार गरी जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले सातौं पञ्चवर्षीय योजनादेखि वातावरण संरक्षणलाई प्रत्येक विकास योजना अन्तर्गत ध्यान दिंदै आएको छ । बढ्दो वातावरण प्रदूषण न्यूनीकरण गर्न नेपाल सरकारले वातावरणसम्बन्धी ऐन–नियम बनाएर आम नागरिकलाई सुसूचित गर्ने प्रयास गरेको छ ।

वातावरण र मानवबीच गहिरो सम्बन्ध छ । तसर्थ यसको प्रवर्द्धन तथा संवर्द्धनका लागि राजनीतिक नेतृत्व, नीति निर्माता र प्रशासनिक नेतृत्वको ध्यान आकृष्ट हुनु जरुरी छ । स्वायत्त र शक्तिसम्पन्न भएको वर्तमान अवस्थामा स्थानीय तहहरूले पर्यावरणमैत्री दीर्घकालीन योजना तर्जुमा गर्न आवश्यक छ भने केन्द्र सरकारले पनि अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता कार्यान्वयन गर्न गराउन जरुरी छ ।

एउटा अन्तर्राष्ट्रिय संस्थाद्वारा प्रकाशित प्रतिवेदन अनुसार अन्तर्राष्ट्रिय मापदण्डभन्दा बढी वायु प्रदूषण हुने देशहरूमा नेपाल पाँचौं स्थानमा छ । वायु प्रदूषण न्यून गर्न ठोस काम नगर्दा यस्तो अवस्था सिर्जना भएको हो । साँच्ची भन्ने हो भने वातावरणीय प्रदूषणले मानव स्वास्थ्य मात्र होइन; सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रलाई पनि असर पार्छ । त्यसैले वातावरणलाई स्वच्छ राख्न दिगो विकासको अवधारणा, वातावरणीय प्रभाव मूल्याङ्कन, पूर्वसावधानी, सार्वजनिक न्यायलगायत विषयमा ध्यान दिन आवश्यक छ । साथै आम सरोकारवाला एकजुट एवं जागरुक हुन पनि उत्तिकै जरुरी छ ।

संयुक्त राष्ट्र सङ्घको आह्वानमा हरेक वर्ष जून ५ लाई विश्व वातावरण दिवसको रूपमा मनाइँदै आएकोमा जेठ २२ गते तदनुसार जुन ५, २०१७ को दिन "प्रकृतिसँग हाम्रो सम्बन्धः रहिरहोस् अनन्त (Connecting People to Nature) भन्ने नाराका साथ नेपालमा पनि विश्व वातावरण दिवस मनाइयो । पृथ्वी र प्रकृति सबैको साझा हो भने मानव समाज प्राकृतिक वातावरणको एक महत्त्वपूर्ण अङ्ग हो । यी सबको संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम गर्ने हाम्रो कर्तव्य तथा जिम्मेवारी हो । स्वस्थ एवं स्वच्छ वातावरण सिर्जना गर्न प्रण गर्ने दिन पनि हो । हाम्रो अमूल्य प्राकृतिक स्रोतहरूको संरक्षण गर्दै स्वस्थ पृथ्वी र प्रकृतिको पुस्तागत हस्तान्तरण साध्य बनाउनु हामी सबैको साझा दायित्व हो । नेपालको संविधानले हामी सबै नेपालीका लागि स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ । नेपाल सरकारले सन्तुलित, दिगो र तीव्र आर्थिक सामाजिक विकासका लागि वातावरणमैत्री नीति तथा प्रविधिको उपयोग र प्रवर्द्धन गर्ने नीति लिएको छ । जनसङ्ख्याको बढ्दो चाप, विकास निर्माणलाई प्राथमिकता र बदलिंदो मानव व्यवहारले गर्दा वन, जैविक विविधता र प्रकृतिको विनाश, भूक्षय, प्रदूषण तथा जलवायु परिवर्तनले प्रकृतिको स्वाभाविक चक्र अवरुद्ध भएको छ । स्वच्छ र स्वस्थ जीवन निर्वाहका लागि प्रकृति एवं प्राकृतिक वातावरणको दिगो संरक्षण गर्दै वातावरण र विकास तथा सूचना प्रविधिबीच सन्तुलन कायम राख्न सबै प्रतिवद्ध एवं एकबद्ध हुनु आवश्यक छ । मानिसले आफैं झाँक्री आफैं बोक्सीको चरित्र परित्याग गर्नैपर्छ ।

# नौ महीनामा विद्युत् प्राधिकरणको नाफा ११ अर्ब

काठमाडौं, २५ जेठ/रासस

नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्ष २०८०/८१ को नौ महीनामा रु ११ अर्ब छ करोड बराबरको नाफा कमाएको छ । प्राधिकरणको चालू आवको चैत महीनाको वित्तीय विवरण (अपरिष्कृत) अनुसार यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानीबाट कुल रु ९३ अर्ब ९४ करोड आम्दानी भएको छ ।

प्राधिकरणले सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्थाबमोजिम सार्वजनिक गरेको विवरण अनुसार विद्युत् खरीद, प्रशासनिक आयोजनामा लगानीलगायतमा जम्मा रु ८२ अर्ब ८८ करोड खर्च भएको छ । प्राधिकरणको मुख्य आम्दानी र खर्च क्रमशः विद्युत् बिक्री र खरीद तथा आयोजनामा हुने गरेको छ ।

प्राधिकरणले यस अवधिमा रु ११ अर्ब छ करोड नाफा (करकट्टी गर्नुअघि अपरिष्कृत) आर्जन गरेको हो । गत आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा प्राधिकरणको नाफा रु आठ अर्ब ८८ करोड थियो । गत आवको मुनाफा रु १३ अर्ब ३७ करोड थियो ।

प्राधिकरणको सञ्जित मुनाफा रु ३३ अर्ब ६४ करोड पुगेको छ । आव २०७२/७३ मा रु आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षहरूबाट निरन्तर नाफामा छ । विद्युत् चुहावट नियन्त्रण, आन्तरिक तथा भारतर्फ विद्युत् निर्यात बढ्दा आम्दानीमा भएको वृद्धि, खर्च नियन्त्रणलगायतले चालू आवको नौ महीनामा उल्लेख्य नाफा कमाउन सफल भएको हो ।

प्राधिकरणले चालू आवको नौ महीनामा विद्युत् बिक्रीबाट रु ६८ अर्ब ८९ करोड खुद सङ्कलन गरेको छ । यस अवधिमा देशभित्रका निजी क्षेत्रका ऊर्जा उत्पादक र आफ्ना सहायक तथा सम्बद्ध कम्पनीबाट विद्युत् खरीद गरेको रु ३८ अर्ब २० करोड भुक्तानी गरेको छ ।

यस अवधिमा हिउँदयामको माग धान्न रु ११ अर्ब ५५ करोडको विद्युत् भारतबाट आयात गरिएको छ । आन्तरिकरूपमा खपत गरी बढी भएको रु १३ अर्ब ४२ करोड बराबरको विद्युत् भारततर्फ निर्यात गरिएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले आफूले कमाएको नाफाबाट चालू आवको चैत महीनासम्ममा रु १७ अर्ब ८२ करोड विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनाको लगानी गरेको छ । यस अवधिमा सरकारले विभिन्न आयोजना र ग्रामीण विद्युतीकरणका लागि प्राधिकरणलाई रु एक अर्ब ६३ करोड ऋण दिएको छ । सरकारले दिएको ऋण र आफ्नो स्रोतबाट यस अवधिमा रु १९ अर्ब ४५ करोड विकास बजेट खर्च भएको छ ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

वाटिका

२०८१ जेठ २६ गते शनिवार | प्रतीक | 2024 June 08 Saturday | ३

# सुखको खोजी र प्रकार

स्वान्त सुखाय:



सञ्जय मित्र
mitrasanjay41@gmail.com

सुख नितान्त निजी अनुभूति हो। सुखको कुनै परिभाषा छैन। सुखको कुनै मापन छैन। सुख देखिने कुरो पनि होइन र सम्पूर्ण सुख वर्णन गरेर पनि साध्य हुँदैन। यसैले सबैभन्दा बढी खोजिने सुख भए पनि यस विषयमा मतैक्य कमै देखिन्छ। अन्तत: एउटै कुरामा गएर सबै बहस पूरा हुन्छ : जसले जे गरेको छ, सुखकै लागि गरेको छ। यसै भनाइले सुखको विशालता बुझ्न सहयोग गरेको छ। तर सुखको सीमा खोज्ने सामर्थ्य कसैको पनि छैन। गाउँघरमा एउटा उखान प्रचलनमा छ–केहु काहु में मगन केहु काहु में मगन अर्थात् कोही केमा मग्न त कोही केमा। मग्न हुनु अर्थात् सुख वा आनन्दको अनुभूतिमा रल्लिनु नै हो।

सुखलाई नितान्त निजी भनिए पनि यसबारे शास्त्रहरूले केही चर्चा गरेका छन्। भगवान् श्रीकृष्णले गीतामा तीन सुखको चर्चा गरेका छन् : तामसी, राजसी र सात्विक।

तामसी सुखलाई पहिलो सुख भनिन्छ। तामसी सुखलाई आलसी सुख पनि भनिन्छ। यो भनेको अल्छी सुख हो अर्थात् काम नगरेर, व्यक्तिकै समय बिताएर, सुतेर आनन्दित भएर तथा काम गर्न नपरोस्, सुतीसुती खान पाइएहैं भनेर आनन्दित हुने सुखलाई तामसी सुख भनिन्छ। धेरै मानिस यस्ता हुन्छन् जो कामै नगरी सुखी हुन चाहन्छन्। यसले मानिसलाई कमजोर बनाउँछ। कर्म गर्नबाट जोगिन चाहने वा भाग्न चाहने तथा कर्म गर्दै नगरी बसेर खान खोज्ने सुखको पक्षमा रहनेहरूले आफ्नो प्रगति रोकेका हुन्छन्। आफ्नो प्रगति नै हुन नदिने किसिमको यो सुखलाई रोगी–सुख पनि भनिएको पाइन्छ।

राजसी सुख भनेको भोगविलासको सुख हो। उपभोगको सुख भौतिक साधनबाट प्राप्त हुन्छ। राजसी सुखलाई भौतिक सुख पनि भनिन्छ। अरूको नजरमा शान र शौकतको जिन्दगी, ऐश आराम र मोजमस्तीको जिन्दगी देखिनु राजसी सुख हो। आवश्यकता महसुस भएको सामग्री उपलब्ध हुनु तथा तिनको उपभोग गरिनु अलगै आनन्द हो। अपेक्षा पनि पर्याप्त हुन्छ। आधुनिक वा भोगिरहेको जीवनशैलीमा निरन्तर प्रगति हुनु पनि राजसी सुखकै परिभाषामा आउँछ। यसको सीमा हुँदैन। कुनै पनि भौतिक वस्तुको प्राप्ति वा पद तथा प्रतिष्ठाको प्राप्तिमा सुख अनुभूति गर्नु राजसी सुख हो। राजसी सुखको एउटा विशेषता यो पनि हुन्छ कि यसमा एउटा डर हुन्छ। डर यो हुन्छ कि कतै यो खुशी वा भौतिक सुख कम त हुँदैन ? कतै सुख हराइ त हाल्दैन ? अझै कतै कतै अरूको प्रगति बढी भइदिंदा खुशीमा कमी हुन्छ। आफ्नो कारणले मात्र नभई आफू पहिलेकै अवस्थामा रहँदा अरूको कारणले सुखमा कमी अनुभूत हुन पुग्छ। यसमा मानिस सुखको चरमोत्कर्षमा रहन चाहिरहन्छ। राजसी सुखलाई अस्थायी पनि भनिएको पाइन्छ किनभने यो एकै किसिमले रहिरहँदैन। भोग विलासमा आनन्दित रहने यस सुखलाई भोगी–सुख पनि मानिएको पाइन्छ।

सात्विक सुखलाई आत्मिक सुख भनिन्छ। यसलाई कतिपयले आध्यात्मिक सुख पनि भनेका छन्। यस सुखलाई त्यागको सुख पनि भनिन्छ। कसैको लिनुभन्दा कसैलाई दिनुमा प्राप्त हुने आनन्द सात्विक सुख हो। यसमा लोभ, मोह, ईर्ष्याबाट मुक्त रहिन्छ। आसक्ति रहँदैन। यो सुख प्राप्त गर्न कठिन हुन्छ। कठिन यस अर्थमा कि अधिकांश मानिस भौतिक सुख चाहन्छन्। अनि त्यागको सुख कहाँबाट पाउँछन् ? लोभ र मोहमा परेकालाई यो सुख जहर पिउनुजस्तै हुन्छ। भौतिक सुखभन्दा यो सुख विपरीत हुन्छ। अरूको सुखमा खुशी हुनुलाई सात्विक सुख भनिन्छ। सात्विक सुखलाई शाश्वत सुख पनि भनिन्छ। त्यागमा आउने आनन्दको कुनै सीमा नहुने हुँदा र यसलाई आत्मानुभूति गर्न सकिने भएकोले यस सुखलाई प्राकृतिक सुख पनि भनिन्छ। यस सुखलाई दिव्य सुख पनि भनिन्छ। अनि वैराग्य उत्पन्न गर्ने भएकोले यस सुखलाई जोगी–सुख पनि मानिएको पाइन्छ।

समाजले मान्ने रोगी, भोगी र जोगी सुख सबै आफ्नो ठाउँमा सही छ। कतिपय मानिस यी तीनै सुखलाई एकै ठाउँमा राखेर हेर्दछन्। आनन्दले सुत्न चाहन्छन्, सम्पत्ति उपभोग गर्न चाहन्छन् र त्याग गरेको देखाउन चाहन्छन्। भनिन्छ, यस्ता मानिसले कुनै सुख पाउँदैनन्। वास्तविक सुख त्यागमा छ अर्थात् जोगी–सुखमा छ। इतिहास हेर्ने हो भने पनि भगवान् गौतम बुद्धले गरेको त्यागले उनलाई अनन्त सुख दिएको देखिन्छ। विश्वको सम्राट बन्ने चाहना राखेका अशोकले त्यागपछि जुन सुख प्राप्त गरे, त्यो आनन्दको अनुभूति उनले सम्राट भएको बेला गर्न पाएका थिएनन्। महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि यही कुरा भन्छन्–आफू मिटाई अरूलाई दिनुमा नै सुख छ। अर्थात्, त्याग नै सबैभन्दा ठूलो सुख हो।

रोगी, भोगी र जोगी सुखमध्ये, माथि भनिए अनुसार रोगी सुख र भोगी सुख चाहिं दैहिक सुख हो। दैहिक सुख शरीरले उपभोग गर्ने हो। जोगी सुखलाई आत्मिक सुख भनिन्छ। आत्मिक वा सात्विक सुख दैहिक सुखले उपभोग गरेको सुखभन्दा पृथक हुन्छ। यस सुखमा लोभ, मोह, स्वार्थ हुँदैन। यीभन्दा पृथक हुने हुनाले दैहिक सुखमा लागेकाले आत्मिक सुखको अनुभूति गर्न पाउँदैनन्।

दैहिक सुखको खोजीगर्नेहरू बाहिरी दुनियाँमा भौतारिइरहेका हुन्छन् तर आत्मिक सुखको खोजी गर्नेहरू बाहिरका विषयलाई महत्त्व दिंदैनन्। दैहिक सुख अरूलाई पनि देखिन्छ भने आत्मिक सुख अभ्यन्तरमा नि:सृत भएर अभ्यन्तरमैं रहने हुनाले बाहिरको जगमगाहटसित खासै सम्बन्ध राख्दैन। जहाँ बाह्यमा त्याग र अभ्यन्तरमा प्राप्ति हुन्छ त्यहीं मनमा यो सुखको दियो बलेको हुन्छ।

# अब कि बार कमजोर सरकार

व्यङ्ग्य



कुमार रुपाखेती

हामीले बाल्यकालमा पढ्ने घमण्डी सिंहको कथा र भारतमा मोदीको व्यथा उस्ताउस्तै देखिएको छ। भारतीय लोकसभा निर्वाचनको परिणामले भाजपालाई घरको न घाटको बनाएको छ। 'खाए खा नखाए घिच्' भनेझैं साना दलहरूको शरणमा पर्न बाध्य बनाएको छ। नूर झरेको मोदी रुँचे हाँसोसहित तेस्रोपटक प्रधानमन्त्री बन्न विवश छन्। राम नामसहित थुप्रै धामी, झाँक्रीको प्रयोग गर्दासमेत 'अब कि बार मोदी दोस्रौं पारमा' अड्किए। पल्टुराम भनिने बिहारका नीतीश कुमार र आन्ध्रका चन्द्रबाबू नायडु अहिले मोदीका लागि विशेष भएका छन्। मोदी एन्ड कम्पनीको सरकारको भोटेताल्चाको चाबी अब पल्टुरामकै हातमा छ। आधुनिक भारतका निर्माता तिलस्मी मोदी, भगवान्का अवतार ५६ इन्च सिना आदि सबै निर्वाचन परिणामले बेतुका र बकवास साबित गरिदिएको छ। 'हार मे भी जीत है' भनेझैं विपक्षी खेमा दङ्ग छ। यसपटक भारतमा कमल न खिले पनि विपक्षीको चेहरा खिलखिलाएको देखिन्छ। भारतको लोकसभा निर्वाचन परिणामले भाजपाको मात्र होश गुम भएको छैन, अपितु एक्जिट पोलको कोठे अनुमानलाई समेत नकारा साबित गरिदिएको छ। कुनै बेला नेपालमा नाकाबन्दी गरेर मुँछमा ताउ दिने मोदीलाई त्यहाँको जनताले करीब सफाचट नै गरिदिएका छन्। 'अब कि बार चार सौ पार' 'उडायो सपना सबै हुरीले'मा परिणत भएपछि मोदी एन्ड कम्पनीको तेज निस्तेज भएर भारतमा कमजोर र लाचार सरकार बन्ने भएपछि पल्टुरामहरूले सत्तामा धमाचौकडी मचाउने, बार्गेनिङ गर्ने सङ्केत दिन थालिसकेका छन्। भनिन्छ, निर्वाचनअघिका साम, दाम, दण्ड, भेद आदि नै भाजपाका खातिर काल बन्यो रे। मतगणना परिणाम मोदीका लागि रामायणकी खलनायिका कैकेयी साबित भएको छ। परिणामले त मोदीलाई झण्डकमण्डल बोकेर पाँच वर्ष वनबास जाने सन्देश दिएको छ। कहाँ राजा भोज, कहाँ गङ्गु तेली ?

राम ने हसकर सब सुख त्यागे, मोदीजी दु:ख से डरकर भागे अर्थात् वनवास सट्टा मोदीले सत्तावास (प्रधानमन्त्री पद) नै रोज्ने देखिन्छ। सङ्क्षेपमा भन्ने हो भने राजनीतिक जादूगर भनिने मोदीको 'हातकी सफाइ रामजीकी दुहाइ' सबै नकारा नै साबित भए। मिलीजुली सरकारलाई विदेशमा 'हङ पार्लियामेन्ट' भनिन्छ। अनि हङ पार्लियामेन्टमा आत्मविश्वासको कमी, विदेशी राष्ट्रहरूको अविश्वास, झर्ला र खाउँला भन्नेहरूको सक्रियता, जनताको हेय नजर आदिका कारण यस्ता सरकारहरूको अवस्था 'राजाको काम कहिले जाला घाम' झैं हुन्छ। भारतको बहुमतको एकलौटी सरकारहरूले साना छिमेकी राष्ट्रहरूलाई हप्काइदप्काइ कस र वशमा राख्ने गर्थे। तर भारतको राजनीतिक अवस्था अब त्यस्तो दह्रो छैन। तसर्थ नेपाल जस्ता छोटे राष्ट्रहरूले समेत अब आफ्नो हकअधिकारका लागि राष्ट्रहितका मामिलामा आँखामा आँखा जुधाएर कुरा राख्ने हैसियत बनाउनुपर्छ। वैशाखीमा टिक्न पुगेको मोदी सरकार

(बाँकी पाँचौं पातामा)

# मेरो माटो

कथा



विश्वराज अधिकारी

सुनीलले महेश अङ्कलको कथा मलाई यसरी सुनाएका थिए–

"आइतवारको दिन थियो। हामी, म र महेश अङ्कल, ओक्लहोमा सिटी जाँदै थियौं। ओक्लहोमा सिटी अर्थात् अमेरिकाको ओक्लहोमा राज्यको राजधानी। हाम्रो स्वादसँग एकदमै मिल्दोजुल्दो खाद्य सामग्रीहरू त्यस शहरका केही पसलहरूमा पाइने हुनाले ती खाद्य सामग्री खरीद गर्न हामी एक वा दुई महीनामा एकपटक त्यहाँ जाने गर्थ्यौं। म अमेरिका आएको छ महीना मात्र भएको थियो। तर महेश अङ्कल आएको २५ वर्ष जति भइसकेको थियो। उहाँको बसाइ लामो भएकोले सबैथोकको व्यवस्था मिलाइसक्नुभएको थियो। राम्रो जागिर, आफ्नै घर अनि बैंकमा केही बचत पनि। करीब–करीब सबैथोक। म भने भरखर गृहस्थी बसाउने तरखरमा थिएँ। आउँदा–आउँदै शुरूको अवस्थामा यहाँ आउनेहरूले भोग्नुपर्ने पीडा, समस्या, चुनौती, अवसर, उमङ्ग आदि मिसिएको परिस्थितिको पोको बिस्तारै खोल्दै थिएँ। प्रवासमा बस्दा मनमा उठ्ने आशा र निराशाका ज्वारभाटाहरूको लेखाजोखा गर्ने प्रारम्भिक अवस्थामा म थिएँ।

म बस्ने शहर, नोरमेनमा आफ्नो निजी गाडी नभएमा अति नै समस्या हुने रहेछ। यहाँसम्म कि सामान्य खाद्य सामग्री खरीद गर्नसमेत आफ्नो गाडी चाहिने रहेछ। वा भनौं आफ्नो गाडी भएपछि निकै सजिलो हुने रहेछ। मसँग गाडी नभएकोले कहिले योसँग कहिले ऊसँग राइड मागेर काम चलाइरहेको थिएँ। यस्तो अवस्थामा म बसेको शहरदेखि ओक्लहोमा सिटी २०–२५ माइल टाढा भएकोले त्यहाँसम्म पुग्न महेश अङ्कलसँग मैले राइड मागेको थिएँ। उहाँ पनि सपिङ गर्न त्यतै जाँदै हुनुहुन्थ्यो र मलाई पनि केही सामान ल्याउनु थियो, खासगरी दाल, चामल, जीरा, धनिया, परवर, करैला, भुजिया, पापड, सुपारी आदि आदि। यी सामानहरू प्राय: इन्डियन स्टोरहरूमा मात्र पाइन्छन्।

सपिङ गरेर नोरमेन फर्किन हामीले ओक्लहोमा सिटीबाट बाहिर निस्केर आई–३५ हाइवेमा प्रवेश गर्नु थियो। अनि त्यसपछि आई–३५ हाइवेबाट हाइवे–७७ मा प्रवेश गरेर केही क्षण ड्राइभ गरेपछि नोरमेन प्रवेश गर्नु थियो। हामीले सोही अनुरूप गर्‍यौं। नोरमेन पुगेपछि भने रबिन्सन स्ट्रीट क्रस गर्दै बोएड स्ट्रीट र १२औं स्ट्रीटको क्रसिङनजीकको एउटा ठाउँमा जानु थियो। त्यहीं महेश अङ्कलको घर थियो। तर त्यता नगएर अङ्कल १२औं स्ट्रीटमै हिँडिरहनुभयो। उहाँ अप्रत्याशितरूपमा त्यता गएको देखेर मलाई आश्चर्य लाग्यो। त्यसरी किन गएको होला भनी मैले अनुमानसमेत गर्न सकिनँ।

कारमा म महेश अङ्कलको छेउमै बसेको थिएँ। त्यसरी अनपेक्षित दिशातिर लाग्नुभएकोले म उहाँलाई आश्चर्यचकित मुद्राले हेर्दै थिएँ। मेरो त्यो हेराइको उहाँले तत्काल अर्थ निकाल्नुभयो र भन्नुभयो– "कसैको घरतिर जान थालेको होइन। कसैलाई भेट्नुपर्ने पनि छैन। त्यसैले कता हो कता जान थालेको हो भनी आश्चर्य न मान्नुभए हुन्छ।"

मैले आफूलाई रोक्न सकिनँ र ठ्वाट्ट प्रश्न गरें– "अनि, कता जान थाल्नुभएको त ? केही सामान किन्नु छ कि ? कि भ्यालु फुड (ग्रोसरी पसल)तिर पस्ने हो, हैं अङ्कल ?"

महेश अङ्कलले जवाफ दिनुभयो– "छैन छैन, केही पनि किन्नु छैन, न कसैलाई भेट्नु नै छ। न कुनै ग्रोसरी स्टोरमा पसेर केही किन्नु छ। कुनै ग्याँस स्टेशनमा पसेर यो गाडीमा ग्याँस हाल्नुपर्ने पनि छैन।"

यति भनेर उहाँले हामी हिंडिरहेको १२औं स्ट्रीट छाड्नुभयो र राइट टर्न लिएर लिन्सी स्ट्रीटमा प्रवेश गर्नुभयो। लिन्सी स्ट्रीटमा केही क्षण हिंडेपछि फेरि लेफ्ट टर्न लिनुभयो, अनि हयुस्टन एभेन्युतिर लाग्नुभयो। यो ठाउँमा आएको देखेर उहाँले मलाई हयुस्टन एभेन्युको छेउमा रहेको स्प्रिङ फिल्ड अपार्टमेन्टमा बस्ने एक नेपाली मित्रकहाँ लगेर सरप्राइज दिन थालेको हो कि भनी मैले अनुमान गरें। मलाई एकजना नेपाली त्यहाँ बसेको पटक्कै थाहा नै नभएको र आज त्यहाँ लगी उनीसँग भेट गराएर ठूलो सरप्राइज दिने विचार महेश अङ्कलले गर्नुभएको हो कि भन्ने तर्कना पनि मेरो दिमागमा आयो। तर एउटा नेपाली परिवार त्यहाँ बस्छ भन्ने मलाई थाहा थियो, त्यो परिवारसँग मेरो भेटघाट मात्र भएको थिएन। तैपनि म चुप लागिरहें। महेश अङ्कलले भने मेरो मुहारमा एकै छिन घोरिएर हेर्नुभयो।

हयुस्टन एभेन्युमा केही क्षण हिंडेपछि त्यसलाई छाडेर उहाँ ड्रेक ड्राइभतिर लाग्नुभयो, स्प्रिङफिल्ड अपार्टमेन्टतिर लाग्नुभएन बरु स्प्रिङफिल्ड अपार्टमेन्ट पस्ने बाटोभन्दा केही पर लाग्नुभयो। स्प्रिङफिल्ड अपार्टमेन्ट पस्ने बाटोभन्दा केही पर पुगेर गाडीलाई एकैछिन रोक्नुभयो अनि मेरो मुखतिर हेर्दै भन्नुभयो– "सुनीलजी, तपाईंलाई थाहा छ, मानिसले मानिससँग मात्र होइन भूगोलसँग पनि प्रेम गर्दो रहेछ। कुनै ठाउँ, त्यस ठाउँका छेउछाउका सडक, घर, रूख, पसलहरूसँग प्रेम गर्दो रहेछ। त्यहाँको आकाश, मौसम, वातावरणसमेतसँग प्रेम गर्दो रहेछ। एक किसिमको साइनो गाँसिंदो रहेछ, मानिस र ती कुराहरूको बीचमा। त्यो मानिस त्यो ठाउँमा पुग्दा ती कुराहरू सजीव भएर आउँदा रहेछन्, तिनले कुरा गर्न खोज्छन्। मलाई त्यस्तो लाग्छ। ती कुराहरूसँग मानिसको सम्झना गाँसिंदो रहेछ, अतीतसमेत पनि गाँसिंदो रहेछ।"

यति भनेर उहाँ केही क्षण घोरिनुभयो त्यसपछि केही सम्झेझैं गरेर मलाई प्रश्न गर्नुभयो– "तपाईं नोरमेन आउनुभएको छ महीनाभन्दा बढी भयो, होइन त सुनीलजी ?"

उहाँको त्यो प्रश्नको मैले केवल हो मात्र भनेर उत्तर दिएँ। बोल्ने क्रम जारी राख्दै उहाँले पुन: भन्नुभयो– "तपाईं कुनै खास ठाउँमा बस्नुहुन्छ, त्यो ठाउँमा तपाईंको घर होस् वा डेरा, प्रत्येक दिन तपाईं त्यस घरमा पस्दा–निस्कँदा, त्यहाँका छेउछाउका दृश्य–परिदृश्यलाई घरीघरी हेर्दा वा नियाल्दा वा आँखाअगाडि ती दृश्य–परिदृश्यहरू पर्दा तपाईंको अचेत मस्तिष्कले ती कुराहरूसँग सम्बन्ध गाँस्दो रहेछ, तपाईंको सचेत मस्तिष्कले थाहा नै नपाउनेगरी। पछि ती दृश्य–परिदृश्यहरूको सम्बन्ध तपाईंको जीवनका घटनाहरूसँग गाँसिन गई तिनले अनेक कालखण्डका विभिन्न घटनाहरूको स्मरण गराउँदा रहेछन्। यसैगरी, कुनै खास भूगोलमाथि मान्छेको प्रेम बस्दो रहेछ पनि।"

यति भनेर उहाँले मलाई प्रश्न गर्नुभयो– "तपाईंलाई कस्तो लाग्छ नि ! अनि, तपाईंको के सोचाइ छ, कुनै खास भूगोलमाथि मान्छेको प्रेम बस्नेबारे, हैं, सुनीलजी ?"

मैले छोटो उत्तर दिएँ– "खोइ अङ्कल, म त परें साइन्सको स्टुडेन्ट। यहाँको युनिभर्सिटी अफ ओक्लाहोमाबाट कम्प्युटर साइन्समा इन्जिनीयरिङ गर्दैछु। यस्ता कुरा सोच्ने त मलाई कहिले फुर्सत नै भएन। काठमाडौं हुँदा १७ ठाउँमा डेरा सरियो। कहाँ बसिएन ? भैंसेपाटीदेखि जोरपाटीसम्म बस्न भ्याएँ। शायद ती ठाउँहरू छोडेको लामो काल बितेपछि मलाई पनि त्यस्तो बोध हुने हो कि ? अब काठमाडौं फर्केर म ती ठाउँहरूमा पुग्दा मलाई अङ्कलले भनेझैं बोध हुने हो कि ? हेरौं त्यस्तो हुन्छ कि ?"

मेरो त्यस्तो उत्तर सुनेपछि उहाँ निकै बेर हाँस्नुभयो। मतिर केही बेरसम्म हेरेको हेर्‍यै गर्नुभयो। एकै छिनपछि केही सम्झेझैं गरेर भन्नुभयो– "सुनीलजी, म यहाँ आएको कारण भने ऊ त्यो घर हो, देख्नुभयो। ऊ त्यो घर, ऊ त्यो रातो घर। ऊ त्यो क्या, त्यो अगाडिको, घर अघिल्तिर सानो चौर अनि पछाडि ठूलो बारी भएको घर। हो, त्यो घरमा म पाँच वर्ष डेरा गरेर बसें। त्यो घरको मलाई अति याद आउँछ। त्यो घरको मात्र होइन, त्यसवरिपरिका दृश्यहरू पनि अति याद आउँछन्। यहाँको समग्र वातावरणको नै याद आउँछ। यिनको माया पनि उत्तिकै लाग्छ। अहिले म यहाँ नबसे तापनि यो ठाउँ बिर्सिन सकेको छैन। लिन्सी स्ट्रीट वा १२औं स्ट्रीटबाट कतै जाँदा वा कतैबाट यी स्ट्रीटहरूमा आउँदा यो ड्रेक ड्राइभमा आएर, यो ठाउँलाई एकचोटि हेरिहालौं लाग्छ। यो ठाउँको नजीकबाट जाँदा यो ठाउँले मेरो कारसहित मलाई जहिले पनि आफूतिर तानेझैं लाग्छ। जब म पहिलोचोटि अमेरिका आएँ, यै नोरमेन शहर आएँ। शुरूमै, यो स्ट्रीटको यो घरमा बसें। त्यति बेला मेरो छोरा जुनियर हाईस्कूलमा पढ्थ्यो। अहिले हाम्रो कार जहाँ रोकिएको छ, हो यै ठाउँमा मेरो छोराको स्कूल बस उसलाई लिन आउँथ्यो। बिहान छोरा स्कूल जाने बेलामा उसलाई यहाँसम्म पुर्‍याउन आउँथें। उसको स्कूल बस यो ड्रेक ड्राइभ हुँदै यहीं आइपुग्थ्यो। त्यतिखेर म एउटा ग्रोसरी स्टोरमा काम गर्थें। मेरो बिहानको ड्युटी हुन्थ्यो। मैले अहिले नाम बिर्सें त्यो देशको, पूर्व युगोस्लाभियाबाट छुट्टिएको कुनै देश थियो क्यारे, हो, त्यहाँका एक व्यक्ति मेरो अपार्टमेन्ट (घर)को छेउमा बस्थे। पछि उनीसँग परिचय भएर हाम्रो मित्रता पनि भयो। ती मित्रका छोरा र मेरो छोरा एउटै स्कूलको एउटै ग्रेडमा पढ्थे। दुवैजना साथी थिए। उनी पनि आफ्नो छोरालाई स्कूल बस चढाउन यहीं आउने गर्थे। वाल मार्टमा ग्रोसरी किन्न उनले मलाई धेरैपटक त्यहाँ पुर्‍याएका थिए। त्यतिखेर मसँग आफ्नो गाडी थिएन। नोरमेन आएको लगभग एक वर्षपछि मात्र मैले गाडी किनें। अहिले यो ठाउँलाई हेर्दा ती दिनहरू, ती घटनाहरू झलझली मेरो आँखाका अगाडि आउँछन्। यो ठाउँलाई हेर्दा सिनेमाको रिलझैं ती दिनहरू चल्न थाल्छन्। कस्तो अचम्म, हगि !"

यति भनेर महेश अङ्कल एक छिन चुप लाग्नुभयो। उहाँ सम्झनाको संसारमा हराउनुभएझैं लाग्यो। उहाँको भनाइबाट प्रेरित र सम्मोहित भएर म पनि सम्झनाको घोडा चढेर विभिन्न स्थानमा पुगें। वायुको गतिमा ती स्थानहरूमा पुगेर तिनलाई स्पर्श गरें। तर मैले लामो

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

सत्य एक छ । सत्यसम्म पुग्ने ढोकाहरू अनेक छन् । जो द्वारको मोहमा पर्छ, ऊ द्वारमा नै रोकिन्छ । उसको लागि सत्यको ढोका कहिल्यै खुल्दैन । सत्य सबै ठाउँमा छ । यहाँ जे छ, सबै सत्य छ । सत्यका अभिव्यक्ति अनन्त छन् । सत्य सौन्दर्य जस्तै छ । सौन्दर्य भिन्नभिन्न रूपमा प्रकट हुन सक्छ । तर ऊ भने एउटै छ । रात्रिमा तारामा प्रकाश बनेर झल्किन्छ भने फूलमा सुगन्ध बनेर फैलिन्छ । आँखाहरूमा प्रेम बनेर प्रकट हुन्छ । रूप अलगअलग छ, तर त्यसमा स्थापित मूल कुरो एउटै छ । जो रूपमा रोकिन्छ, उसले आत्मालाई जान्न सक्दैन । यसैगरी, जो सुन्दरमैं अड्किन्छ, ऊ सौन्दर्यसम्म पुग्न सक्दैन । जो शब्दमा बाँधिन्छ, उसले सत्य प्राप्त गर्न सक्दैन । जसले जानेको छ, उसले मार्गको अवरोधलाई सिंढी बनाएर अघि बढ्छ । शास्त्रबाट, सिद्धान्तबाट, शब्दज्ञानबाट त्यो परम सत्य प्राप्त गर्न सकिँदैन, जसलाई परमात्मा भनिन्छ । किनकि उसलाई प्राप्त गर्ने मार्ग भनेको शब्दलाई छोडेर निशब्दमा डुबुल्की लगाउनु हो । यो सिद्धान्तबाट प्राप्त हुँदैन, सिद्ध अवस्था प्राप्त गर्‍यो भने हुन्छ । सिद्धान्त बाधा हो, यो त मार्गको अवरोध हो । सिद्धान्त मार्ग बन्न सक्दैन । सबै शास्त्रबाट मुक्ति भएपछि, भित्र सन्नाटा छाएपछि, मौन घटित भएपछि, त्यसमा परमात्माको सङ्गीत अनाहत सुनिन थाल्छ, तब प्रभु मिलन हुन्छ । किताबको त्यागबाट, भाषाको त्यागबाट, मनको त्यागबाट उसलाई पाउन सकिन्छ । परमात्मा मनातीत, शब्दातीत मौनमा हामीभित्र मौजुद छ ।

ध्यान एउटा छलाङ हो । यसको मतलब अचानक जागरण हुनु भन्ने बुझिन्छ । एउटा निदाएको मानिस सपनामा हराइरहेको छ, यसको मनमा एकपछि अर्को सपना चलिरहेको छ भने ऊ जागा हुन सक्दैन । जागरण जब पनि घटित हुनेछ, अचानक सपनाबाट छलाङ लाग्नेछ । सपनाको त्यो प्रवाह अचानक टुट्छ । हाम्रो आँखा खुल्छ, हामी जागा हुन्छौं । बाहिरको सत्यसँग हामी परिचित हुन्छौं ।

ठीक यसैगरी परम जागरण घटित हुन्छ, जसमा आत्मज्ञान फलित हुन्छ । यो आत्मज्ञान फलित ध्यानबाट हुन्छ । यसैले ओशो भन्नुहुन्छ कि ध्यान एउटा छलाङ हो । उहाँको भनाइको तात्पर्य जुन किसिमले हामीहरू जन्मजन्मदेखि मूर्छित जीवन जिउँदै आएका छौं, त्यो अवस्था टुट्छ र हामी अचानक बाहिर छलाङ लगाउँछौं ।

ध्यानको लागि सुरुआतमा कोशिश गर्नुपर्छ । यो यस्तो हो कि हामीलाई सूर्यको दर्शन गर्नुछ भने हामीले झ्यालढोका खुला राख्नुपर्छ र सूर्य उदयलाई कुर्नुपर्छ । सूर्य त आफ्नै मोजमा उदाउनेछ । ऊ आफ्नै नियममा चल्छ । यदि हामी झ्यालढोका बन्द गरेर बस्यौं भने सूर्यको दर्शनबाट चुक्नेछौं । यसको मतलब हामी यो भन्न सक्दैनौं कि हामीले झ्यालढोका खोलेको कारणले सूर्य उदायो । यसमा कार्यको र कारणसँग कुनै नाता छैन । यसैले यो कुरा अलिकति जटिल छ । साधनाद्वारा परम सत्य हासिल गर्न सकिँदैन । साधनाद्वारा हामी संवेदनशील हुन्छौं, ताकि हामी सत्यलाई ग्रहण गर्न सक्ने हुन्छौं ।

प्रायः मानिसहरू यस्तो ठान्छन् कि साधना गरेर हामी यसलाई प्राप्त गर्न सक्छौं । उनीहरू यसलाई विज्ञानको कार्य कारणको सिद्धान्तजस्तै ठान्छन् । जस्तो पानीलाई ततायो भने सय डिग्री पुगेपछि उम्लन्छ र पानी वाफ बनेर उड्छ । यसमा जस्तो नियम छ त्यस्तै हुन्छ । पानी बेस्सरी तताएपछि वाफ बन्छ, यही विज्ञानको नियम हो । यसमा नियमविपरीत हुँदैन ।

तर ध्यान, साधना र उपलब्धिबीचमा यस्तो सम्बन्ध हुँदैन । यसैले जसले पनि प्रभुलाई प्राप्त गरेका छन्, उनीहरूले भनेका छन् कि प्रभुलाई हामीले प्रभुको कृपाबाट पाएका हौं । यो हामीले गरेर हैन, उसको कृपाबाट प्राप्त भएको हो । यसबाट ठूलो भ्रान्ति खडा हुन सक्छ । यस्तो लाग्छ कि के हाम्रो साधना व्यर्थै हो त ? हाम्रा कर्महरूले केही अर्थै राख्दैनन् ? यसमा हामी यति भन्न सक्छौं कि हाम्रा कर्महरूले हामीले सूर्यको दर्शन गर्नको लागि झ्यालढोका खोले जति अर्थ राख्छन् ।

जस्तो वर्षा मासको दिनमा झमझम वर्षा भइरहेको छ । यो वर्षा हुनु बादलको कृपा हो । हामीले केही गरेको कारणले बादलले वर्षा गरेको हैन । यो मनसुन हामीले बोलाएर आएको होइन । यो त प्रकृतिको खेल हो । तर यो वर्षामा पनि हामीले हाम्रो पानीको भाँडो घोप्टचाएर राखिदियौं भने हाम्रो घडामा एक थोपा पनि पानी पर्नेछैन । हाम्रो भाँडो खाली नै हुनेछ । यदि हाम्रो भाँडो त सुल्टै छ तर त्यसमा हामीले फोहर सामानहरू राखेका छौं भने त्यसमा अमृतजस्तो पानी त पर्नेछ तर त्यसमा जम्मा भएको पानी फोहरसँग मिसिएर विषाक्त हुनेछ । यदि हाम्रो पानीको भाँडो सुल्टो पनि छ, सफा पनि छ, तर त्यसमा प्वाल परेको छ भने त्यसमा पानी त पर्नेछ तर त्यहाँ एक थोपा पनि अडिनेछैन र भाँडो रित्तै हुनेछ । यी तीनवटै परिस्थितिमा हामी अमृतस्वरूप पानी सङ्ग्रह गर्न सक्नेछैनौं । यसैले पानीको भाँडो सुल्टो राख्नुछ, सफा राख्नुछ, दुलो नभएको भाँडो राख्नुछ, दुलो छ भने त्यसलाई टालेर पानी नचुहिने बनाएर राख्नुछ र मनसुनको प्रतीक्षा गर्नुछ । मनसुन आएपछि वर्षा हुनेछ, अनि हाम्रो भाँडो भरिनेछ । त्यो पानीले हाम्रो प्यास पनि मेटाउनेछ ।

हाम्रो साधना भनेको प्वाल नभएको सफा पानीको भाँडोलाई सीधा पारेर, सुल्टो पारेर राख्ने जस्तै हो । यसमा 'कज एन्ड इफेक्ट'सँग सम्बन्ध छैन । बादल उसको मजाले बर्सनेछ, यो उसको अनुकम्पा हो । हाम्रो कर्मसँग यसको केही सम्बन्ध छैन ।

कुनै साधकले दिनभरि नै आफ्नो सजगता साध्यो भने त्यसको प्रभाव उसको निद्रामाथि पनि पर्छ । किनकि निद्रामा हामी विश्राम लिनको लागि जान्छौं । जुन मानिसले दिनभरि ध्यान साध्ने प्रयास गरिराखेको छ, ऊ दिनभरि नै सजग भएर साक्षी भावमा बसेको छ । ऊ दिनभरि नै शान्त बस्न थालेको छ । अब उसलाई निद्राको जरुरत अरू दिनको तुलनामा कम भएपनि हुन्छ । प्रकृतिले हामी विश्रामपूर्ण हुन सकौं भनेर निद्राको व्यवस्था गरेको हो । यदि हामी दिनभरि नै शान्त, सजग, विश्रामपूर्ण जीवन बिताइ रहेका छौं भने हामीलाई आठ घण्टाको निद्राको जरुरत छैन । अब हामीलाई पाँचदेखि छ घण्टा निद्रा भए पुग्छ ।

शरीरलाई सम्यक निद्रा चाहिन्छ । तर यसमा हाम्रो मनको पनि निकै ठूलो भूमिका हुन्छ । हामी जति धेरै तनावपूर्ण हुन्छौं, त्यति नै धेरै निद्राको जरुरत पर्छ, ताकि हामी तनावमुक्त हुन सकौं र हाम्रो तन–मन स्वस्थ हुन सकोस् । यसैले ध्यान, साधनाको निद्रामाथि प्रभाव पर्छ । बहुत सुन्दर प्रभाव पर्छ । ध्यानको कारणले निद्रा अत्यन्त शान्तिपूर्ण विश्राम बन्न पुग्छ ।

विज्ञान तथा अध्यात्ममा आकाश–जमीनको फरक छ । विज्ञानको क्षेत्र बाहिरी जगत् हो । ध्यानको क्षेत्र स्वयंको भित्र छ । विज्ञानको खोज विचारसँग, तर्कसँग, सन्देहसँग सम्बन्धित हुन्छ । स्वयम् आफ्नो आत्माको खोज श्रद्धाले, प्रेमले, निर्विचार भएर, तर्कविहीन भएर हुने गर्छ । यदि हामी तर्क गर्दै गयौं, विचार गर्दै गयौं भने हामीभित्र ज्ञान घटित हुँदैन । मनले विचार विश्लेषणको काम गर्न थाल्छ । विज्ञान ठूलो चीजबाट क्रमशः सानो चीजतिर बढ्छ । तत्त्वमा आउँछ, फेरि अणुमा आउँछ, फेरि परमाणुमा आउँछ, फेरि इलेक्ट्रोनमा आउँछ, फेरि प्रोटोनमा आउँछ, फेरि एटोमिक पार्टिकलमा आउँछ, फेरि इनर्जीमा आउँछ । विज्ञानले काट्छ, फुटाँउदै जान्छ । फुटाउनु नै यसको प्रकृया हो । क्रमशः

# कनेरको विषाक्तता

स्वास्थ्य चर्चा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

स्थानीय अथवा नजीकको बिरुवा धतुरोपछि त्यस्तै स्थानीय बिरुवा कनेरको विषाक्तताबारे पनि विवेचना गर्नु उचित होला । तर विषय प्रवेशमा जानुभन्दा पहिले म गताङ्कमा धतुरोको वर्णनमा सम्पादनमा भएको एउटा त्रुटि औंल्याउन चाहन्छु । त्यो के भने धतुरोलाई 'अकवन' पनि भनिन्छ भनेर सम्पादन गरिएको छ । त्यसो होइन । धतुरो र अकवन फरक बिरुवा हुन् ।

कनेरलाई हिन्दीमा कनेर, भोजपुरीमा कनइल र नेपालीमा करवीर र अङ्ग्रेजीमा ओलिएन्डर भनिन्छ । यो तपाईंको बारीमा पनि हुनुपर्छ र मेरो बारीमा त छ नै । सडकको डिभाइडरमा अन्य बिरुवाका साथै यसलाई पनि लगाइन्छ, किनभने यो धेरै छिटो बढ्छ र यो थोरै पानीमा पनि हुर्कन्छ तथा सौन्दर्यीकरणको लागि यसको फूल आकर्षक मानिन्छ । बाइपास वा त्रिभुवन राजपथको डिभाइडरमा पनि यो थुप्रै लगाईको देख्न सकिन्छ । यसको बिरुवा २ देखि १० फीट सम्म अग्लो र झाडीदार हुन्छ । यसको फूल गुलाबी, सेतो र पहेंलो रङ्गको हुन्छ । सेतो फूल फुल्ने कनेरलाई वनस्पतिशास्त्रमा नेरियम ओडोरम वा ह्वाइट ओलिएन्डर तथा पहेंलोलाई सरबेरा थेबिएटिया वा एलो ओलिएन्डर भनिन्छ । यसको फूल सानो घण्टीको आकारको एकदेखि डेढ इन्च लामो हुन्छ तथा पात दुवैतर्फ धार भएको छुरी जस्तो चारदेखि सात इन्च लामो, पातलो र एक इन्च चौडा हुन्छ । जसरी धतुरोको फूल भगवान् शङ्करलाई अर्पण गरिन्छ, त्यस्तै कनेरको फूल पनि अर्पण गरिन्छ । शायद भोले शङ्करलाई यस्तै विषाक्त बिरुवा प्रिय हुन्छन् । गाउँका मानिस यसको विषाक्त र औषधीय दुवै गुणसँग परिचित हुन्छन् । जसरी धतुरोको पातको जोर्नी दुःखाइमा पट्टी बाँधिन्छ, खाइँदैन त्यस्तै कनेरको पात र बोक्रालाई घाउ, सङ्क्रमण, सर्पदंश, बढी दुःखाइ हुने महीनावारी, मलेरिया, छारे रोग, भेनेरियल रोग, दमा, क्यान्सर, रिंगवर्म अर्थात दाद, कुष्ठ, अपच र सबैभन्दा बढी कार्डियक कन्डिशनमा उपयोग गरिन्छ ।

कनेरको बिरुवा सदाबहार र गहिरो हरियो रङ्गको हुन्छ, जसमा पतझर हुँदैन । यो बिरुवा एपोसाइनेसी परिवारमा पर्छ । सेतो कनेरको फलमा धेरै बीउ हुन्छ तर पहेंलोमा एउटा मात्र बीउ हुन्छ । सेतो कनेरमा पाइने विषको नाम नेरीन हो जुन एक सेतो त्रिटर्पेन ग्लाइकोसाइड हो, जुन पानी, इथर र बेन्जिनमा कम तर अल्कोहल, एसिटोन र क्लोरोफार्ममा शीघ्र घुलनशील हुन्छ । यो १२३ डिग्री सेग्रेमा पग्लिन्छ र धेरै विषाक्त हुन्छ । यसको विषाक्तले



मुख्यतः आमाशय र आन्द्राको इरिटेशन हुन्छ । यसको डिजिटलिसजस्तो कार्य हो, जसले मुटुमा प्रभाव पार्छ । अर्को लक्षण निल्नमा कठिनाइ, पेट दुखाइ, बान्ता, झागयुक्त प्रचुर र्‍याल र पखालाको रूपमा प्रकट हुन्छ । नाडी सुस्त र कमजोर हुन्छ । त्यसपछि आँखाको नानी फैलिन्छ ।

मांसपेशी फर्फराउने, टिटेनसजस्तो कन्भल्शन, लट्ठिने, चेतनहीनता, कोमा र अन्ततः मृत्यु हुन्छ । प्रायः बङ्गारा खुल्दैन र डायरिया नहुन पनि सक्छ । यसको मृत्युकारक डोज अनिश्चित हुन्छ । प्रायः कनेरको ताजा बोक्राको चार ग्रामले विषाक्त लक्षण पैदा गर्छ । लगभग १६.६ ग्राम बोक्रा वयस्क व्यक्तिको मृत्युको कारण बन्छ । मृत्युको अवधि पनि अनिश्चित हुन्छ तर २४ देखि ३६ घण्टा लाग्न सक्छ । एकजना महिलाले कनेरबाट गर्भपात गराउँदा दुई दिनपछि मरिन् । नेरियम ओडोरमको एउटा सिङ्गो पात पनि मृत्युको कारण बन्न सक्छ ।

उपचारमा आमाशयको सफाइपछि लक्षणको उपचार गरिन्छ । मुटुको एरिद्मिया छ भने एन्टिएरिद्मिक औषधि दिइन्छ । पनिटवायन सोडियम नामक औषधि २०० मि.ग्रा. मुखबाट हरेक छ घण्टामा वा प्रोपेनोलोल एकदेखि तीन मिलीग्राम नसामा दिइन्छ । गाउँघरमा अज्ञानतावश यौनरोग निको पार्न कनेरको जराको काँढा बनाएर खान्छन् र मृत्युवरण गर्छन् । एकचोटि जाँघ–सन्धिको दुःखाइ निवारण गर्न दुईजना महिलाले एक/एक कप सेतो कनेरको काँढा खाए । एकजनाको ३६ घण्टामा मृत्यु भयो र अर्की लामो समय अस्वस्थ रहेपछि निको भयो । यसको जराको पेस्ट बनाएर क्यान्सरको घाउमा लगाउँदा फाइदा देखिएको छ । शरीरको सुन्निएको भागमा पातको रसको लेप लगाउँदा निको हुन्छ । गर्भपतनका लागि यसको जरा पाठेघरमा लगाउने र खाएको पनि देखिएको छ, तर यो सरासर अपराध हो ।

पहेंलो कनेर पनि त्यत्तिकै विषालु हुन्छ । यसको कार्यशील रसायनको नाम थिवेटिन र सरबेरिन ग्लाइकोसाइड हो । यसको रङ्ग सेतो हुन्छ र काट्दा बिरुवाको हरेक भागबाट निस्कन्छ । थिवेटिन पानीमा कम तर क्लोराफार्ममा शीघ्र घुल्छ । यसले सेतो कनेरजस्तो पक्षाघात गराउँदैन । बीउबाट थिवेटिन र थिवेटोक्सिन रसायन प्राप्त हुन्छ । थिवेटिन क्रिस्टेलाइन पदार्थ बर्फजस्तो सेतो हुन्छ तथा १९२ डिग्री सेल्सियसमा पग्लिन्छ । अर्को थिवेटोक्सिन १२३ डिग्रीमा पग्लिन्छ । यी दुवै धेरै विषालु त हुन्छ तर प्रयोगले के देखिएको छ भने थिवेटोक्सिन थिवेटिन भन्दा कम विषालु हुन्छ । एस रङ्गास्वामीले पहेंलो कनेरबाट पारुभोसाइड नामक तत्त्व पहिचान गरेका छन्, जुन मुटुरोगको सर्वोत्तम औषधि हो ।

पहेंलो कनेरको विषाक्ततामा पनि मुख पोल्ने, घाँटी सुक्ने, जिब्रो रबरबाउने र लाटो हुने, बान्ता र प्रायः पखाला चल्ने, टाउको दुख्ने, चक्कर आउने, आँखाको नानी फैलिने, मांसपेशीको शक्तिमा ऱ्हास, मूर्छा, सुस्त नाडी जुन पछि बढे पनि कमजोर र अनियमित हुने, विभिन्न प्रकारको हर्टब्लाक जुन कोलेप्सतिर बढ्ने र पेरिफेरल रक्तसञ्चार फेल भएर मृत्यु हुने हुन्छ । यसको पनि मृत्युकारक डोज अनिश्चित छ । एउटा बीउले चार वर्षीय एक बच्चाको मृत्यु भएको देखिएको छ । आठ वा १० वटा बीउले एकजना वयस्कको ज्यान लिन्छ । यसको मृत्यु अवधि पनि अनिश्चित नै छ । पीठोमा यसको जरा मिसाएर खाएकी एउटी युवतीको तीन घण्टामा मृत्यु भएको देखिएको छ । जरा वा बीउ घोटेर पानी वा तेलमा मिसाएर गर्भपात, आत्महत्या वा हत्यामा प्रयोग गरेको पाइन्छ । चेन्नई र मुम्बईमा चपाती र मकैको घाँसमा छोपेर जनावरलाई खुवाएर हत्या गरेको उदाहरण पनि छ । सन् १९८३ मा एउटा बच्चा यसको फूल खाएपछि मरेको थियो ।

पहेंलो कनेरको विषाक्तताको उपचारमा गैस्ट्रिक लभाजपछि दुवै हातमध्ये एकमा मोलर लैक्टेट र अर्कोमा पाँच प्रतिशत ग्लुकोज एक साथ चलाउनु बेस हुन्छ । ग्लुकोजको बोतलमा १.२ मिग्रा. एट्रोपिन र २ मिग्रा. एड्रिनलिन जसमा नरएड्रिनलिन पनि मिसाएर दिइन्छ । मोलर लैक्टेटले एसिडोसिसलाई ठीक पार्छ । एट्रोपिन र एड्रिनलिनले हर्टब्लाक र नरएड्रिनलिनले कम रक्तचापलाई ठीक पार्छ । अस्तु !

# विषालु आँप खाँदै हुनुहुन्छ ?

शरीरलाई स्वस्थ राख्नको लागि पौष्टिक, स्वस्थ र गुणस्तरीय खानाको सेवन गर्नुपर्छ । जसरी खाद्यवस्तुमा मिसावट बढ्दै गएको छ, धेरै प्रकारका केमिकल र प्रिजर्भेटिभको प्रयोग भइरहेको छ, यसले स्वास्थ्यमा धेरै



किसिमले गम्भीर हानि पुऱ्याउने गरेको स्वास्थ्य विज्ञहरू बताउँछन् ।

खाद्य पदार्थमा हानिकारक रसायन मिसाएर वा उच्च गुणस्तरका सामग्रीको सट्टा सस्तो विकल्प प्रयोग गर्दा धेरै रोगको जोखिम बढ्न सक्छ । यी विषयहरूमा मानिसहरूको ध्यान केन्द्रित गर्ने र खाद्य सुरक्षाको बारेमा चेतना बढाउने उद्देश्यले हरेक वर्ष जून ७ मा विश्व खाद्य सुरक्षा दिवस मनाइन्छ ।

दूध, चामलदेखि मसलासम्म फलफूल र तरकारी पकाउन यस्ता धेरै हानिकारक पदार्थ प्रयोग हुने गरेको छ, जसले मिर्गौला, कलेजोलगायत धेरै अङ्गलाई गम्भीर क्षति पुऱ्याउँछ । आजभोलि बजारमा आँप पनि आइपुगेको छ । तर हेर्दा लोभ लाग्ने आँप पकाउन विभिन्न हानिकारक रसायन प्रयोग हुन्छ ।

आँप हाम्रो स्वास्थ्यका लागि निकै फाइदाजनक फलहरूमध्ये एउटा हो । आँपलाई भिटामिन 'ए' र 'सी'सँगै फाइबर र प्रोटिनको राम्रो स्रोत मानिन्छ । तर आँप खाँदा अलिकति लापरवाहीले धेरै गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ ।

आँप र अन्य धेरै फलफूल पकाउन अप्राकृतिक विधि प्रयोग हुने गरेको स्वास्थ्य विज्ञहरू बताउँछन् । यसका लागि क्याल्शियम कार्बाइड ($CaC_2$) नामक रसायन प्रयोग गरिन्छ । क्याल्शियम कार्बाइड मानव स्वास्थ्यको लागि हानिकारक मानिन्छ ।

**क्याल्शियम कार्बाइडको प्रयोग**

आँप, केरा, मेवा जस्ता फलफूल समयभन्दा अघि पकाएर बजारमा उपलब्ध गराउन क्याल्शियम कार्बाइडको प्रयोग गरिएको हुन्छ । यसको थोरै मात्रा पनि शरीरमा प्रवेश गर्दा मिर्गौला र कलेजो जस्ता अङ्गमा गम्भीर समस्या निम्त्याउने अनुसन्धानकर्ताहरू बताउँछन् ।

क्याल्शियम कार्बाइडलाई पानीमा मिसाउँदा त्यसबाट एसिटिलिन ग्याँस निस्कन्छ । एसिटिलिन ग्याँस फलफूल पाक्न जिम्मेवार हुन्छ । अध्ययनले पत्ता लगाएको छ कि क्याल्शियम कार्बाइड र एसिटिलिन ग्याँस दुवैले थुप्रै स्वास्थ्य जोखिम निम्त्याउन सक्छन् ।

आहारविज्ञ के भन्छन् ? सामाजिक सञ्जालमा एउटा पोस्टमा आहारविद् ऋचा सिंहले लेखेकी छन्– क्याल्शियम कार्बाइडले पकाएको फलफूललाई राम्ररी नधोएर खाएमा विषाक्तता हुने खतरा हुन्छ । यसबाट गम्भीर छाला समस्या, विषाक्तता र मिर्गौला विफलताको जोखिम बढाउन सक्छ ।

क्याल्शियम कार्बाइडको अत्यधिक सम्पर्कमा रहेका फलफूल उत्पादन उद्योगका कामदारहरू गम्भीर स्वास्थ्य समस्याहरूका जोखिममा छन् । जसका कारण पल्मोनरी एडेमा (फोक्सोमा तरल पदार्थ जम्मा हुनु), कार्डियक अरेस्ट, कोलोन र प्रोस्टेट क्यान्सर जस्ता रोगको जोखिम हुन सक्छ ।

फलफूल तथा तरकारीमा प्रयोग हुने हानिकारक रसायनबाट सुरक्षित रहन खानुअघि कम्तीमा आधा घण्टा पानीमा भिजाएर पानीले राम्ररी सफा गरेर मात्र सेवन गर्न आहारविद्हरू बताउँछन् ।

अर्गानिक चीजहरू उपभोग गर्नुहोस् । बेमौसममा पाइने वस्तु, अप्राकृतिक तरीकाले पकाइएका वस्तुहरू उपभोग गर्नबाट बच्नुपर्छ ।

# मार्ग

**- हरिकृष्ण बराल**

सजाउँदै मानव पुष्पलाई
आनन्दले उत्सवमा रमाइ
सम्बन्ध आध्यात्मिकतर्फको छ
अध्यात्मको मार्ग सहज रहेछ

कृपाविना वायु पनि बहन्न
कृपाविना जीवन यो रहन्न
सम्झन्छ जो हरि विष्णुलाई
त्यो बस्छ भूमण्डलमा रमाइ

– वीरगंज–१२, मुर्ली बगैंचा

## मेरो माटो ...

समयसम्म कल्पनाको यात्रा गर्न सकिनँ । महेश अङ्कल भने चुपचाप हुनुहुन्थ्यो । उहाँ चुप लागेको देखेर कुराको सिलसिला अगाडि बढाउन मैले नै पहल गरें । मैले उहाँको मुहारतिर हेर्दै भनें– "होइन अङ्कल, केही वर्ष मात्र बस्नुभएको यो ठाउँको तपाईंलाई यति धेरै र पटकपटक याद आउँछ । आफू जन्मे, हुर्के, खेलेकुदेको ठाउँको याद त झन् कति बढी आउँदो हो, हैन त ?"

उहाँले तत्काल उत्तर दिनुभयो– "ओहो, नसोध्नुस्, कति आउँछ, कति । कति भनौं, कति कति, अति, अति नै । दिनको १०औंचोटि पुग्छु म त्यहाँ मनको हवाईजहाज चढेर । कहिले भानुचोक पुग्छु, कहिले पिडारीचोक । कहिले रामानन्दचोक त कहिले राममन्दिर । कहिले ब्रह्मपुरी त कहिले बारबिघा । कहिले जनकचोक त कहिले जानकी मन्दिर । कहिले सङ्कटमोचन त कहिले रेलवे स्टेशन । कहिले परिक्रमा रोड । कहिले ... । कहाँ कहाँ भनौं ...?"

उहाँको बोल्ने क्रम रोकिएन । बोलि नै रहनुभयो । त्यो क्रमलाई तोड्दै मैले प्रश्न गरें– "अङ्कलको घर नेपालमा कहाँ नि ...?" अङ्कलले भन्नुभयो– जनकपुर । जनकपुरधाम । मेरो प्यारो जनकपुर ।"

–साभारः समकालीन साहित्य

# अन्तर्राष्ट्रिय समाचार

## भाजपा नेता मोदीले राष्ट्रपतिलाई गठबन्धन सम्झौता प्रस्तुत गर्ने

नयाँ दिल्ली, २५ जेठ/एएफपी

भारतीय जनता पार्टी (भाजपा)को नेतृत्वमा भएको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) का नेता नरेन्द्र मोदीले शुक्रवार राष्ट्रपतिसँग गठबन्धन सम्झौता प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

विगत एक दशकसम्म स्पष्टरूपमा शासन गरेको मोदीको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा)ले आफ्नो अघिल्लो दुई फराकिला जीत दोहोऱ्याउन भने असफल भएपछि गठबन्धन सम्झौता गर्नुपरेको छ।

अर्को सरकार गठनका लागि औपचारिक स्वीकृति लिन मोदीले आफ्ना सहयोगी दलका नेतासहित शुक्रवार राष्ट्रपति द्रौपदी मुर्मुसँग भेट्ने अपेक्षा गरिएको भारतीय समाचार संस्था प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई)ले जनाएको छ।

नेता मोदीले तेस्रो कार्यकालका लागि इच्छा प्रकट गरेपछि यसलाई समर्थन गर्दै एनडिएले बुधवार सर्वसम्मतिले नेताको रूपमा चयन गरेको छ। गठबन्धनले संसद्‌मा २९३ सिट हासिल गरेको छ।

मोदीको दलले गठबन्धनका सदस्यहरूको समर्थन प्राप्त गर्नका लागि के कस्ता सम्झौता गरिएको थियो भन्ने खुलासा गरेको छैन तर ठूला दलहरूले महत्त्वपूर्ण मन्त्री पदहरू खोजिरहेका भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

इन्डियन एक्सप्रेसले शुक्रवार दक्षिणी राज्य आन्ध्र प्रदेशको तेलुगु देशम् पार्टी (टिडिपी) १६ सिटसहित सबैभन्दा ठूलो भाजपाको सहयोगीले नयाँ विधायिकी राजधानी निर्माण गर्ने योजनाको पुनरुत्थानका लागि दबाब दिने रिपोर्ट गरेको छ।

यसैबीच, भाजपाको दोस्रो ठूलो सहयोगी बिहार राज्यको जनता दल (युनाइटेड)ले सैन्य खर्च कटौती गर्न सरकारले सन् २०२२ मा शुरू गरेको विवादास्पद सेना भर्ती योजनाको समीक्षा गर्न खोजिरहेको छ।

भारतीय सञ्चारमाध्यमका अनुसार मोदीले आइतवार प्रधानमन्त्रीका रूपमा


भारतका प्रधानमन्त्री नरेन्द्र मोदी

शपथ लिने सम्भावना छ।

बङ्गलादेशकी शेख हसिना र श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमसिङ्घे र नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहितका क्षेत्रीय नेताहरू समारोहमा सहभागी हुने अपेक्षा गरिएको छ।

"हाम्रो तेस्रो कार्यकालले देश विकासको नयाँ अध्याय लेख्नेछ," मोदीले आफ्नो जीतपछि राजधानी नयाँ दिल्लीमा उत्साही समर्थकहरूलाई भने। रासस

## म्यान्मामा सर्वसाधारणमाथि गरिएको सैन्य हमलाको 'कडा निन्दा'

संयुक्त राष्ट्रसङ्घ, २५ जेठ/एएफपी

संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेर्रेसले बिहीवार म्यान्माका सेनाले हालैका दिनमा थुप्रै सर्वसाधारणको ज्यान लिनेगरी पश्चिमी रखाइन राज्य र उत्तरी सागेन क्षेत्रमा गरेको हमलाको कडा निन्दा गरेका छन्।

"महासचिव गुटेर्रेसले म्यान्मा सेनाले नागरिकको ज्यान लिनेगरी रखाइन राज्यमा गरेको आक्रमणको कडा निन्दा गरेका छन्"–गुटेर्रेसका प्रवक्ता स्टेफन डुजारिकद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

अराकान आर्मी (एए) ले नोभेम्बरमा सत्तारूढ जुन्टा सेनामाथि आक्रमण गरेपछि रखाइन राज्यमा द्वन्द्व बल्झिएको हो।

एएले करीब छ लाख उत्पीडित रोहिङ्‌ग्या मुस्लिम अल्पसङ्ख्यकको बसोवास रहेको रखाइन राज्य आफ्नो जातीय जनसङ्ख्याको थप स्वायत्तताका लागि लडिरहेको बताएको छ।

यस हप्ता राज्यको राजधानी सिट्वेको उत्तरमा रहेको ब्येन फ्यु गाउँमा गरिएको खोजतलाश र कारबाईका क्रममा जुन्टा सेनाले ७० भन्दा बढी रखाइन नागरिकको हत्या गरेको बताइएको छ। जुन्ताले भने उक्त दाबी केवल हल्ला भएको बताएको छ।

रखाइन राज्यका विभिन्न भागमा फोन र इन्टरनेट सेवा काटिएसँगै यहाँका नागरिक सञ्चारको सुविधाबाट वञ्चित रहेका छन्। रासस

## मे महीनामा चीनको निर्यातमा वृद्धि, आयातमा कमी : भन्सार

बेइजिङ, २५ जेठ/एएफपी

मे महीनामा चीनको निर्यात अपेक्षा गरिएभन्दा निकै बढेको तर आयातमा कमी आएको सरकारी तथ्याङ्कले शुक्रवार देखाएको छ।

राजस्व प्रशासनले अप्रिलको १.५ प्रतिशतको तुलनामा निर्यातमा धेरै राम्रो भएको र यो दरले ब्लुमबर्ग सर्वेक्षणमा विश्लेषकले गरेको ५.७ प्रतिशतको पूर्वानुमानलाई पनि उछिनेको बताएको छ।

चीनमा निर्यातले ऐतिहासिकरूपमा एक महत्त्वपूर्ण आर्थिक इन्जिनको रूपमा सेवा गरेको छ। विदेशी निर्यातको राम्रो प्रदर्शनले हजारौं कम्पनीहरूको रोजगारमा प्रत्यक्ष प्रभाव पारेको छ।

पछिल्लो आँकडाले लगातार दोस्रो महीनाको वृद्धिको प्रतिनिधित्व गर्दछ। अघिल्लो वर्षको तुलनामा मार्चमा छोटो समयका लागि चीनको निर्यात दरमा ७.५ प्रतिशत गिरावट आएको थियो।

पछिल्लो समय महाशक्ति राष्ट्रहरूबीच जारी भूराजनीतिक विवादका बीच संयुक्त राज्य अमेरिकासँग भएको संयुक्त निर्यात र आयात मे महीनामा १.४ प्रतिशतले घटेको छ।

सन् २०२० पछि पहिलोपटक चीनले रूसलाई निर्यात गरेको र चीन र रूसबीचको व्यापार गत महीना २.९ प्रतिशतले वृद्धि भएको छ।

सन् २०२२ मा रूसले युक्रेनमाथि आक्रमण गरेपछि बेइजिङ र मस्कोबीच आर्थिक र राजनीतिक सम्बन्ध मजबूत भएको छ।

चीनको कुल आयात अप्रिलमा ८.४ प्रतिशतले वृद्धि भएकोमा मे महीनामा थप १.८ प्रतिशतले वृद्धि भएको तथ्याङ्कले देखाएको छ।

सन् २०२२ को अन्त्यमा कडा महामारी प्रतिबन्धहरू हटेपछि चीनमा बहुप्रतीक्षित आर्थिक पुनरुत्थान अपेक्षा गरिएभन्दा कम भएको छ।

बेइजिङका नीति निर्माताहरू अब अनिश्चित आर्थिक स्थितिको सामना गरिरहेका छन्, किनकि रियल स्टेट क्षेत्रमा ऋण सङ्कट र उच्च युवा बेरोजगारीले उपभोक्ताको विश्वासलाई तौलने खतरा छ।

निर्यातमा पछिल्लो उछालले चीनको व्यापार अधिशेष अप्रिलमा ७२.४ अर्ब डलरबाट ८२.६ अर्ब डलरमा पुऱ्याएको छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | राज्यलाभ | वृष | अतिथिआगमन |
| मिथुन | सुयश | कर्कट | खर्चवृद्धि |
| सिंह | धनलाभ | कन्या | सफलता |
| तुला | राज्यलाभ | वृश्चिक | रोगभय |
| धनु | व्यापारवृद्धि | मकर | शत्रुपराजय |
| कुम्भ | सुसमाचार | मीन | भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


**पानी परेपछि रूखमा ओत लाग्दै चरा:** यस वर्ष प्रचण्ड गर्मीपछि परेको पानीमा रुझ्दै–भिझ्दै ओत लागेका चरा। निजगढमा एकाबिहानै गर्मी बढेको छ। जसका कारण जनजीवन प्रभावित भएको छ। केही दिनदेखि फाटफुट पानी परे पनि गर्मी घटेको छैन। तस्वीर: जीतलाल श्रेष्ठ/प्रतीक

## आतङ्कवाद प्रिमियम हटाउन उपभोक्ता हित संरक्षणको माग

प्रस, वीरगंज, २५ जेठ/

उपभोक्ता हित संरक्षण मञ्च नेपाल बीमामा आतङ्कवाद प्रिमियम लिने गरिएकोमा त्यसलाई सच्याउन माग गरेको छ।

नेपालको संविधानविपरीत तथा



पर्साले बीमा प्राधिकरण मधेस प्रदेशलाई ज्ञापनपत्र बुझाउँदै बीमा निर्देशिकामा राखिएको आतङ्कवाद प्रिमियम हटाउन माग गरेको छ।

मञ्चका अध्यक्ष सुनील श्रेष्ठको नेतृत्वको टोलीले शुक्रवार बीमा प्राधिकरण मधेस प्रदेशका प्रमुख कुसुम शर्मालाई ज्ञापनपत्र बुझाउँदै बीमा प्राधिकरणले २०८० असोजदेखि लागू हुनेगरी जारी गरेको बीमा निर्देशिकामा संविधानले नै स्थापित गरेको उपभोक्ताको छनोटको अधिकारलाई कुण्ठित गर्नेगरी गरेको हो।

बीमा प्राधिकरणले नेपालको संविधान २०७२ को धारा ४४ ले मौलिक हकको रूपमा स्थापित गरेको उपभोक्ता अधिकार र सार्वभौम संसद्‌ले पास गरेर उपभोक्ता अधिकार स्थापित गर्न जारी गरेको उपभोक्ता ऐन २०७५ को दफा ६ मा व्यवस्था गरेको उपभोक्ताको छनोटको अधिकारसमेतलाई कुण्ठित हुनेगरी राज्यको जिम्मेवार नियामक निकाय बीमा प्राधिकरणले आतङ्कवादको समेत बीमा प्रिमियम तिर्नुपर्ने निर्देशिका जारी राज्यले अहिलेसम्म कुनै पनि सङ्घसङ्गठनलाई आधिकारिकरूपमा आतङ्कारी घोषणा नगरेको अवस्थामा कम्पनीका लगानीकर्ताको हितमा ऐनमा उल्लेख गरेर स्थापित गरेको उपभोक्ता अधिकारलाई निर्देशिकामार्फत उपभोक्ताको छनोट अधिकार कुण्ठित हुनेगरी ल्याएको निर्देशिका खारेज गर्न माग गरेको छ।

ज्ञापनपत्र बुझाउन मञ्च पर्साका उपाध्यक्ष अजितकुमार भुजेल, कोषाध्यक्ष रचेन्द्रसिंह थापालगायतको सहभागिता थियो।

## गाँजाखेती सम्भाव्यताबारे नियमावली बनाएर अध्ययन गरिने

काठमाडौं, २५ जेठ/रासस

उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले गाँजाखेतीको सम्भाव्यताबारेमा अध्ययन तथा अनुसन्धान गर्न यथाशीघ्र नियमावली बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

आगामी आव २०८१/८२ को बजेटमा समावेश गरिएको गाँजाखेतीबारे छलफल गर्न प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा गृहमन्त्री लामिछानेले यस विषयमा पर्याप्त छलफल भइसकेकाले अब कुनै द्विविधा नरहेको बताए।

उनले भने, "गाँजाखेतीको औषधिजन्य र व्यावसायिक प्रायोजनका लागि अध्ययन तथा अनुसन्धान गर्न यथाशीघ्र नियमावली बनाउँछौं। यी दुई विषय मात्र नभई गाँजासम्बन्धी बहुआयामिक तरीकाले अध्ययन गर्न सकियोस् भने एक महीनामा सम्भवतः अध्ययन समिति बनाउनेछौं।"

गृहमन्त्री लामिछानेले गाँजासम्बन्धी कानून बनाउँदा सामाजिक परिवेशलगायत नियमनको पाटोमा पनि जोड दिने बताए। उनले लागूऔषध दुर्व्यसनीमा फसेका र लागूऔषध ओसारपोसारमा लागेकालाई फरक तरीकाले हेरिने भन्दै यसबारेमा पनि अध्ययन भइरहेको जानकारी दिए।

"कोही कानूनी अनभिज्ञताका कारणले पनि जेल बसेका छन्। जनचेतनाको अभावले पनि दुर्व्यसनी तथा ओसारपोसारमा लागेका छन्। यसबारेमा पनि गहिरिएर अध्ययन गर्दैछौं," गृहमन्त्री लामिछानेले भने।

समितिका सभापति डा आरजु राणा देउवाले गृहमन्त्री लामिछानेको प्रतिबद्धतालाई स्वागत गर्दै आगामी भदौसम्म नियमावलीका लागि समयावधि उपलब्ध गराएकी छन्। उनले भनिन्, "उक्त अवधिमा गृह मन्त्रालयले काम अघि नबढाए समिति अन्तर्गत उपसमिति गठन हुनेछ। छलफलमा उठेका विषयलाई गृह र अर्थ मन्त्रालयलाई जानकारी दिनेछौं।"

### अबकि बार ...

आफैं दिनगन्तीको बन्दी बन्न पुगेको छ। अबको मोदी सरकार अर्थात् सर्कसको बाघ। त्यसैले नेपाल, भुटान, श्रीलङ्का, मालद्वीप्स र बङ्गलादेश जस्ता मुलुकहरूले आफ्ना खोसिएका अधिकारका खातिर भारतको कमजोर सरकारसँग मुकाबिला गर्न अबेर गर्नुहुँदैन। कम्तीमा अबको पाँच वर्ष मोदीले छानीछानी कहिले देउवा, कहिले ओली त कहिले प्रचण्डलाई बलिको बकरा (प्रधानमन्त्री) बनाउन सक्दैनन्। २००७ सालको क्रान्तिदेखि नै नेपाल भारतको प्रभावमा पार्दै आएको हो, जुन अहिलेसम्म निरन्तर चल्दैछ। त्यसैले भारतको कमजोर सरकारको फाइदा उठाउँदै जनहित र राष्ट्रहितको काममा हाम्रा नेताहरू जुर्मुराउन जरुरी छ। हिजोको जवान मोदीलाई २०२४ को निर्वाचनले बूढो बनाइसकेको छ। स्वदेश र विदेशमा अब मोदीको बन्दरघुर्की चल्दैन।

### वीरगंज महानगरपालिकाको सूचना

प्रस्तुत विषयमा जिल्ला पर्सा साविक वीरगंज उपमहानगरपालिका वडा नं २० मा सञ्चालित श्री मानवता एकेडेमी प्रालिको नाम र ठेगाना परिवर्तन सम्बन्धमा कम्पनी रजिस्ट्रारको कार्यालयको च.नं. ८०१९६ मिति २०७८/११/२७ गतेको पत्रानुसार नाम र ठेगाना परिवर्तन भई आएको तथा उक्त विद्यालयको च.नं. २१/२०७९/८० मिति २०७९/०९/०७ को पत्रबाट तपसिल अनुसारको नाम र ठेगाना परिवर्तन गरिपाउँ भनी सम्बन्धित वडा कार्यालयको सिफारिशसहित निवेदन दिएकोमा यस कार्यालयको मिति २०८०/१२/१५ गतेको निर्णय अनुसार सबैको जानकारीको लागि हकदाबीसम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्रसं. | साबिक नाम र ठेगाना | परिवर्तन हुने नाम र ठेगाना |
|---|---|---|
| १. | मानवता एकेडेमी प्रा.लि., वीरगंज उपमहानगरपालिका–२०, पर्सा | वागीश्वरी एकेडेमी प्रा.लि., वीरगंज महानगरपालिका–१३, पर्सा |

### नौ महीनामा ...

यस अवधिमा वैदेशिक सहायतातर्फबाट रु १४ अर्ब ४३ करोड खर्च भएको छ।

सरकारको बजेट सीमितताका कारण सरकारबाट लगानीका लागि पर्याप्त रकम पाउन सकिरहेका छैनौं, यस्तो जटिल अवस्थामा संस्थाले कमाएको नाफाबाट विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरण, विद्युतीकरणतर्फका आयोजनामा प्राधिकरणले हरेक वर्ष अर्बौं रुपियाँ लगानी गरिरहेको छ।



**सडकबीच जङ्गली बाँदर:** राजमार्गमा गुड्ने सवारीसाधनका अधिकांश चालक र सहचालकले बिस्कुट, चाउचाउ, पाउरोटीजस्ता खानेकुरा बाँड्ने गरेकाले सो क्षेत्रका बाँदरहरू आहारको लागि राजमार्गछेउमा कुर्ने गरेका छन् । बाँदरलाई खानेकुराको प्रलोभन दिंदा उनीहरू जङ्गलमा आहार खोज्न पक्कै पनि बिर्सनेछन् । जनावरको बानी बिगार्नेलाई पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय आधाभार र डिभिजन वन कार्यालय बाराले अहिलेसम्म कारबाई गरेको जानकारीमा छैन । बाँदरहरूलाई खान दिइने वस्तु सडेगलेका, गुणस्तरहीनसमेत हुने गरेका छन् । जसबाट बाँदरहरू बिरामी पर्न पनि सक्छन् ।

शब्दचित्र: जीतलाल श्रेष्ठ/प्रतीक

# बजेट अभावले रोकियो वीरगंज-रक्सौल जोड्ने सडक

वीरगंज (पर्सा) २५ जेठ/रासस

झन्डै दुई करोड बजेट अभावको कारणले भारतसँग सीमा जोड्ने वीरगंज-रक्सौल सडकखण्ड अन्तर्गतको रजत जयन्तीचोकमा पर्ने जीर्ण सडक कालोपत्र हुन सकेको छैन । व्यापारिक मार्ग विस्तार योजना वीरगंज-पथलैया सडक योजना कार्यालयले गत पुसमा यो सडकखण्ड निर्माण गर्ने ठेक्का अघि बढाएको थियो । तर अहिले बजेट अभावलाई देखाउँदै यो सडकको निर्माण कार्य अघि बढ्न सकेको छैन । केही समय अघि निर्माण कम्पनी निर्माणस्थलमा खटिए पनि अहिले भने सडक लथालिङ्ग अवस्थामा रहेको छ ।

व्यापारिक मार्ग विस्तार योजना वीरगंज-पथलैया सडक योजना कार्यालयका प्रमुख राजेशकुमार यादवले बजेट अभावले सडक विस्तारको काम हुन नसकेको बताए । "गत पुस २१ गते रु एक करोड ८० लाखको लागतमा यो सडकखण्ड कालोपत्र गर्न ठेक्का सम्झौता भएको थियो," उनले भने, "अहिले बजेट अभावले यो सडकखण्डमा कालोपत्र गर्ने कार्य अघि बढ्न सकेको छैन ।"

सबैभन्दा बढी आयात हुने नाकाको सडक लामो समयदेखि भत्किएर जीर्ण हुँदा पनि मर्मतसम्भारको काम अघि बढ्न सकेको छैन । यो सडकखण्ड एक दशकदेखि जीर्ण अवस्थामा छ । मुलुककै मुख्य व्यापारिक नाकामा पर्ने सडक पानी पर्दा हिलाम्मे र घाम लाग्दा धूलाम्मे हुने गर्दा दुवै मुलुकका सर्वसाधारण र सवारी चालक हैरानी खेप्दै आइरहेका छन् ।

योजना कार्यालय र निर्माण कम्पनीबीच २०८० पुस २१ गते ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता अनुसार निर्माण कम्पनीले २०८१ सालको असार २१ गतेभित्रै सडक निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ । योजना प्रमुख यादवले निर्माण कम्पनीलाई सडक कालोपत्र गर्न अनुरोध गर्दै आइरहेको बताए । यो सडककै कारण दिनहुँजसो एक दर्जनभन्दा बढी सवारीसाधन दुर्घटनामा पर्ने गरेका छन् । यो सडकखण्डको चौडाइ १४ मिटर अर्थात् चार लेनको सडक कालोपत्र हुनेछ ।

National Healthcare

!!OPPORTUNITY!!

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Company in Nepal, invites applications from qualified candidates for the following position:-

**Purchase Executive :**

- BBA/BBS (Completed or Pursuing)
- Activities related to Purchase

**Job Location** : Shreepur, Birgunj, Nepal
**No. of Vacancy** : 1

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to **hrdnhc@gmail.com** by 12th June 2024.

*No telephonic calls shall be entertained; Only Short listed candidates will be called for an interview.*




## बास्केटबल टोली चीन जाने

काठमाडौं, २५ जेठ/रासस

छैटौं एशियाली विश्वविद्यालय श्री एक्स श्री बास्केटबल प्रतियोगितामा सहभागी हुन चारजना पुरुष खेलाडीसहित पाँच सदस्यीय नेपाली टोली शुक्रवार चीनको झौसन प्रस्थान गरेका छन् ।

यही जेठ २९ देखि ३१ गतेसम्म हुने उक्त प्रतियोगितामा मनीष केसी (कप्तान), निकेश राखल मगर, सुदीप पौडेल क्षेत्री र श्रेयश शाहले नेपालको प्रतिनिधित्व गर्नेछन् । प्रशिक्षक तथा व्यवस्थापकको भूमिकामा भने सुशील गुरुङ छन् ।

चीनकै युनानमा गत वैशाख १२ देखि १८ गतेसम्म भएको बोर्डर सिङ्फू भिलेज स्पोर्ट्स कार्निभल अन्तर्गत पुरुष श्री एक्स श्री बास्केटबलमा नेपालले स्वर्ण जितेको थियो । कप्तान मनीष र निकेश त्यस टोलीका सदस्य थिए ।

नेपाली टोलीलाई राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङ र नेपाल बास्केटबल सङ्घका अध्यक्ष भीमसिंह गुरुङले सफलताको शुभकामना दिंदै बिदाइ गरेका थिए । सदस्यसचिव घिसिङले चीनमैं नेपाली पुरुष टोलीले स्वर्ण जितिसकेको बताउँदै फेरि सोही सफलता दोहोऱ्याउने विश्वास व्यक्त गरे ।

# खेलकूदको संसार

## पर्सा लिग फूटबलको फाइनलमा भेट्रान्स सिटी र युनिटी

प्रस, वीरगंज, २५ जेठ/

पर्सा जिल्ला लिग फूटबल प्रतियोगिताको फाइनलमा भेट्रान्स सिटी क्लब, वीरगंज र युनिटी क्लब, वीरगंज पुगेका छन् ।

बिहीवार भएका दुई सेमिफाइनल खेलमध्ये पहिलो सेमिफाइनलमा भेट्रान्स सिटीले पर्सा फूटबल क्लबलाई शून्यका विरुद्ध एक गोलअन्तरले पराजित गरी फाइनलमा पुगेको थियो । भेट्रान्स सिटीका इमाम हुसेन अन्सारीले खेल शुरू भएको २५औं मिनेटमा गरेको गोल पहिलो सेमिफाइनल खेलको निर्णायक साबित भयो ।



तस्वीरः प्रतीक

यसैगरी, दोस्रो सेमिफाइनल खेलमा युनिटी क्लब, वीरगंजले विशाल मेमोरियल फाउन्डेशनलाई एकका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै फाइनलमा पुगेको हो । खेल शुरू भएको २९औं मिनेटमा विशाल फाउन्डेशनका राहुल ओझैयाले एक गोल गरेका थिए भने त्यसपछि युनिटीका ससन लामिछानेले ५६औं मिनेटमा र अनिल पटेलले ७०औं मिनेटमा एक/एक गोल गरेका थिए । प्रतियोगिताको फाइनल खेल शनिवार हुने पङ्कज श्रेष्ठले बताएका छन् ।

## चेस खेलाडीलाई बिदाइ

प्रस, वीरगंज, २५ जेठ/

एशियन युथ चेस च्याम्पियनशिपमा सहभागी हुन वीरगंजबाट सनम श्रेष्ठलाई बिहीवार कार्यक्रम आयोजना गरी



नगरप्रमुख राजेशमान सिंहले बिदाइ गरेका छन् ।

जून ९ देखि २१ तारिखसम्म कजाकिस्तानको अल्माटी शहरमा आयोजना हुने च्याम्पियनशिपमा नेपालबाट प्रतिनिधित्व गर्दै श्रेष्ठ सहभागी हुन लागेकी हुन् ।

नगरप्रमुख सिंहले श्रेष्ठलाई खादा र नेपालको राष्ट्रिय झन्डा ओढाएर बिदाइ गरेका थिए । उनले श्रेष्ठलाई सफल भएर आउन शुभकामना दिए । नेपालबाट वीरगंजकी श्रेष्ठ एकल प्रतिनिधिका रूपमा अन्तर्राष्टिय प्रतियोगितामा सहभागी हुन गइरहेकोमा उनले खुशी व्यक्त गरे ।

प्रधानाध्यापक श्याम केसीको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य सञ्जु दाहाल, जसपा वीरगंज महानगरका अध्यक्ष ईश्वचन्द्र यादव, वीरगंज युवा समाजका कमल चौगाईं, विनोद पटेललगायतले श्रेष्ठलाई बिदाइ गरेका थिए ।

## विश्वकपको पूर्वविजेता पाकिस्तान अमेरिकासँग पराजित

काठमाडौं, २५ जेठ/रासस

आइसिसी टी-२० विश्वकपको पूर्वविजेता पाकिस्तान सुपरओभरमा अमेरिकासँग पराजित भएको छ ।

अमेरिकाको डालसस्थित ग्रान्ड प्रेरी क्रिकेट रङ्गशालामा गएराति सम्पन्न समूह 'ए'को खेलमा दुवै टोलीले बराबर खेलेपछि खेल सुपरओभरमा पुगेको थियो । डालसमा घरेलु टोली अमेरिकाले पाकिस्तानलाई जीतको लागि १९ रनको लक्ष्य दिएको थियो । पाकिस्तान १३ रनमा समेटिएपछि अमेरिका विजयी भएको हो ।



तस्वीरः एएफपी

टस हारेर पहिले ब्याटिङ गरेको पाकिस्तानले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १६० रनको लक्ष्य प्रस्तुत गरेको थियो । अमेरिकाले २० ओभरमा तीन विकेट गुमाएर बराबरी गऱ्यो । अमेरिकाका लागि कप्तान मोनाङ्क पटेलले सर्वाधिक ५० रन बनाए । उनले ३८ बलमा सात चौका र एक छक्काको सहायताले सर्वाधिक ५० रन बनाएका थिए । त्यस्तै, आरोन जोनेसले ३६ र आन्द्रेस गौसले ३५ रन बनाएका थिए । पाकिस्तानका मोहम्मद आमिर, नसीम शाह र हरिस रौफले समान एक/एक विकेट लिए ।

त्यस अघि पाकिस्तानको लागि कप्तान बाबर आजमले ४३ बलमा ४४ रन बनाए । त्यस्तै, सादाब खानले २५ बलमा ४० रन बनाए भने साहिन शाह अफ्रिदीले २३ रन जोडे । अमेरिकाका नोस्थुश केजिङ्गेले तीन विकेट लिए भने सौरभ नेत्रवालकरले दुई विकेट झारे । त्यस्तै, अली खान र जसदीप सिंहको नाममा समान एक/एक विकेट रह्यो ।

## नेपाल युएईसँग पराजित

काठमाडौं, २५ जेठ/रासस

फिफा विश्वकप २०२६ छनोट अन्तर्गत दोस्रो चरणको शुक्रवार भएको खेलमा संयुक्त अरब इमिरेट्स (युएई)ले नेपालविरुद्ध शानदार जीत हासिल गरेको छ । साउदी अरेबियाको प्रिन्स मोहम्मद बिन रङ्गशालामा सम्पन्न खेलमा युएईले नेपाललाई ४-० गोलअन्तरले पराजित गरेको हो ।

युएईले मध्यान्तर अघि दुई गोलको अग्रता लिएको थियो भने मध्यान्तरपछि थप दुई गोल गरेको थियो । युएईका लागि हरिब अब्दुल्लाह अल्मुशरखले दुई गोल गरे भने अली सलेह अम्रो र हाजिम अब्बासले समान एक/एक गोल गरे ।

अल्मुशरखले खेलको १२औं र १४औं मिनेटमा गोल गरेका थिए भने अम्रोले ५३औं र अब्बासले ७५औं मिनेटमा गोल गरेपछि युएईले शानदार जीत हासिल गरेको हो । जीतसँगै पाँच जीतका साथ युएई १५ अङ्क जोड्दै समूह 'एच'को शीर्ष स्थानमा छ । पाँचवटै खेलमा पराजित नेपाल भने अङ्कविहीन छ । नेपालले अन्तिम खेल यही जेठ २९ गते यमनसँग खेल्नेछ ।